मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरूसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २७ ★ अङ्क : ३३३ ★ ने. सं. ११४६ पोहेला थ्व, प्रतिपदा ★ आइतबार ★ ६ पुस, २०८२ ★ December 21, 2025, Sunday ★ मूल्य रु.५।– ★ पृष्ठ ८



क्यारिबियाली समाजवादी देश क्युवाको राजधानी हवानामा भइरहेको त्यहाँको एक सदनात्मक संसद् - जनताको शक्तिको राष्ट्रिय सभामा नयाँ वर्ष २०२६ को निम्ति नीति तथा कार्यक्रम पेस गर्दै क्युवाली राष्ट्रपति तथा क्युवाली कम्युनिस्ट पार्टीका प्रथम सचिव मिग्वेल डियाज कानेल बर्मुडेज १९ डिसेम्बर २०२५ का दिन। क्युवाली क्रान्तिका नेता आर्मी जनरल राउल क्यास्ट्रोको उपस्थितिमा बसेको उक्त संसद अधिवेशनले वर्ष २०२६ लाई क्युवाली क्रान्तिका सर्वोच्च कमान्डर फिडेल क्यास्ट्रोको जन्म शतवार्षिकीका रूपमा मनाउने निर्णय गरेको छ।

*तस्बिर : ग्रान्मा*

## शिक्षा र रोजगारमा समान अवसर भएमात्रै लैङ्गिक विभेद कम हुने

भक्तपुर, ५ पुस । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षा र रोजगारमा समान अवसरले मात्रै महिला-पुरूषबिच व्यवहारमा पनि समानता हुने बताउनुभयो ।

भनपा वडा नं. २ छिकोङ महिला समूहद्वारा शनिबार आयोजित भेटघाट तथा वनभोज कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले समाजवादी व्यवस्थामा मात्र सबै नागरिकले समानता पाउने बताउनुभयो ।

भक्तपुर नगरवासी सबैलाई स्वस्थ राख्न नगरपालिकाले वडा वडामा स्वास्थ्य शिविर सञ्चालन गरिरहेको बताउँदै उहाँले महिलाहरूले विभिन्न व्यक्तिहरूको जीवनी अध्ययन गरी आफूलाई हरेक क्षेत्रमा योग्य बनाउनुपर्छ भन्नुभयो ।

अग्रजहरूले गरेका जनताका सेवामुखी कामलाई वर्तमानमा निरन्तरता दिँदा भक्तपुर सफा, सुन्दर र कला-संस्कृति संरक्षित नगरको रूपमा विकास भइरहेको बताउँदै उहाँले अनुशासित नागरिकले मात्रै सफलता हासिल गर्नसक्छ भन्नुभयो ।

अभिभावकहरूले आ-आफ्ना सन्तानहरूबारे चासो राख्नुपर्ने उल्लेख गर्दै प्रमुख प्रजापतिले नयाँ पुस्ता हाम्रा भविष्य हुन्, नयाँ पुस्ता बिग्रेमा देशकै भविष्य अन्धकार हुने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले शिक्षा र स्वास्थ्य जनताका आधारभूत आवश्यकता भएकोले भनपाले त्यसैलाई जोड दिइरहेको बताउँदै बाल-बच्चाहरूलाई अनुशासन र सदाचारिता सिकाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

भनपा वडा नं. २ का वडा सदस्य मञ्जु लाखाले सङ्गठनको महत्त्वमाथि प्रकाश पार्दै महिला हिंसा नजिकका नातेदारहरूबाट बढी भएको अभिलेखले सबै सचेत हुनुपर्छ भन्नुभयो ।

छिकोङ प्रशिक्षक मुना बासुकलाले व्यायामले विभिन्न रोगका बिरामीलाई सहज बनाएको प्रशिक्षार्थीहरूबाट सुन्न पाउँदा आफूलाई खुसी लागेको बताउँदै महिला र पुरूष दुवै व्यायाममा सहभागी भई स्वास्थ्य लाभ लिन आग्रह गर्नुभयो ।

छिकोङका प्रशिक्षार्थीहरूले व्यायामपछि आ-आफ्नो शरीरमा आएको परिवर्तनबारे जानकारी दिँदै छिकोङ मानव जीवनको लागि आवश्यक भएको बताउनुभएको थियो ।

*व्यङ्ग्यचित्रको कुनो*




## देश हरेक कुरामा परनिर्भर हुँदा आर्थिक अवस्था खस्कँदै

भक्तपुर, ५ पुस । वागीश्वरी मा.वि. र वागीश्वरी कलेजमा कार्यरत निजी स्रोतका शिक्षक-कर्मचारीहरूको सञ्चिति कोषको नवौँ साधारणसभा भक्तपुर नगरपालिकाका प्रमुख एवं वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा शनिबार सम्पन्न भयो ।




सभामा प्रमुख प्रजापतिले कोषको हिसाबकिताबसहितको प्रतिवेदनको प्रस्तुति पारदर्शिताको उदाहरण भएको चर्चा गर्दै कुनै पनि संस्थाको आर्थिक पारदर्शिता सदस्यहरूको विश्वासको आधार हुने विचार व्यक्त गर्नुभयो ।

कोषको आय-व्ययको सन्तुलन मिलाई राख्न सुझाव दिँदै उहाँले भन्नुभयो, "आय-व्ययको सन्तुलन बिग्रे कुबेर पनि कङ्गाल हुन्छ भन्ने भनाइ छ, त्यसैले खर्चमा घाँटी हेरी हाड निल्न जान्नुपर्छ ।"

वागीश्वरी स्कूल-कलेजको हालको प्रगति सन्तोषजनक भए पनि त्यसलाई निरन्तरता दिनु चुनौतीपूर्ण रहेको बताउँदै उहाँले त्यसको लागि सामूहिक भावनासहित अनुशासनलाई कडाइका साथ पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाली मुद्रा दिनपरदिन अवमूल्यन भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले कोषको रकम बैङ्कमा थुपार्नु भन्दा त्यसलाई परिचालन गर्नुपर्ने सुझाव दिनुभयो ।

देश हरेक कुरामा परनिर्भर हुँदा आर्थिक अवस्था खस्कँदै गएको उल्लेख गर्दै उहाँले आर्थिक अनुशासनमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याखवले नयाँ पुस्ताका हाम्रा छोराछोरीको सङ्गत र क्रियाकलापमा अभिभावकको ध्यान नपुग्दा धेरैले दु:ख भोग्नुपरेका उदाहरणहरू दिनुभयो ।

हालै वाग्मती प्रदेशका नमूना स्कूलहरूको गोष्ठीमा सहभागी हुँदाको अनुभव सुनाउँदै उहाँले प्रदेशका १९ वटा नमूना स्कूलहरूमध्ये वागीश्वरी स्कूलको असल अभ्यास अन्यको भन्दा पृथक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "अन्यत्र ठुला विद्यालयमा स-साना विद्यालयहरू मर्ज गर्ने गरिएको छ तर, हामीले यहाँ सबल र दुर्बलबिच सहकार्य गरी दुर्बललाई पनि सबल बनाउने प्रयास गरेका छौँ; यो अरूको लागि नौलो भएको छ ।"

कार्यक्रममा पूर्वप्रअ मोहनप्रसाद प्रजापतिले अनावश्यक खर्च रोक्नु पनि आम्दानी सरह नै हुने हुँदा मितव्ययी हुन सुझाव दिनुभयो भने कोषका सल्लाहकार पूर्व सप्रअ ज्ञानसागर प्रजापतिले नमुना विद्यालयका शिक्षक-कर्मचारीहरू पनि नमुना लायक हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "जागिरे मनोवृत्तिले स्कूल बन्दैन; विद्यार्थी सङ्ख्या र परीक्षाको नतिजा घट्यो भने कोष दीर्घकालसम्म नटिक्ने कुरामा सबैजना सधैँ सचेत हुनुपर्छ ।"

विद्यालयका प्रअ एवं कोषका संरक्षक कृष्णप्रसाद कर्माचार्यको सभापतित्वमा भएको उक्त सभामा कोषका अध्यक्ष एवं कलेजका प्राचार्य धनकुमार श्रेष्ठले कोषको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने प्रतिवेदन सर्वसम्मतबाट पारित गरिएको थियो ।

सभामा पूर्वप्रअ कृष्णप्रसाद धन्छा र शिक्षक विश्वेश्वरप्रसाद मानन्धरले पनि बोल्नुभएको थियो ।

सामाजिक अपराध तथा हिंसा विरुद्ध एकजुट होऔं।

❖कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, विभेद जस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं।
❖त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं।
❖सामाजिक अपराध र हिंसा विरुद्ध एकताबद्ध भएर आवाज उठाऔं।
❖बालबालिका, महिला, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरू माथि हुने हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गरौं।
❖सामाजिक सञ्जाल, सञ्चार माध्यममार्फत फैलन सक्ने झुठा समाचार, बदनियतपूर्ण/द्वेषपूर्ण सामग्री प्रति सजग रहौं।
❖मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं।
❖विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिंसारहित व्यवहार गरौं।
❖सामाजिक अपराध रोक्न समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाऔं।

अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं, पिडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




भक्तपुर नगरपालिका वडा नं. ७ स्थित प्रसिद्ध धार्मिकस्थल हनुमानघाटमा हनुमन्ते नदीमा थुप्रिएको माटो निकालेर नदी सफाइ गरिँदै शुक्रबार ।
*तस्बिर : एलपी रन्जित /मजदुर दैनिक*

# सदस्यहरू स्वस्थ रहे मात्र संस्था स्वस्थ रहने

भक्तपुर, ५ पुस । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को यातु गणेश सेवाकेन्द्र व्यवस्थापन उपसमितिको आयोजना तथा ख्वप अस्पतालको प्राविधिक सहयोगमा मानसिक रोगसम्बन्धी परामर्श तथा निःशुल्क सुगर र रक्तचाप परीक्षण कार्यक्रम शनिबार सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले मानसिक रोग नदेखिने प्रकारको रोग भएको हुनाले यसबारे सदस्यहरूलाई जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले सदस्यहरू स्वस्थ रहे मात्र संस्था स्वस्थ रहने उल्लेख गर्दै सदस्यहरूको स्वास्थ्यको निम्ति संस्थाबाट विभिन्न स्वास्थ्य शिविरहरू एवं स्वास्थ्य क्लिनिक सञ्चालन गर्दै आएको बताउनुभयो ।

अध्यक्ष लाखाले संस्थाका ऋणी सदस्यहरूले आफ्नो दायित्व पूरा गरी समयमै ऋणको सावाँ ब्याज भुक्तानी गरे मात्र संस्था सुरक्षित हुने बताउनुभयो ।

कार्यक्रमका सभापति, उपसमितिका संयोजक एवं संस्थाका सञ्चालक सदस्य रमेश दुमरुले सदस्यहरूको मागअनुसार कार्यक्रम आयोजना गरिएको बताउँदै सरकारमा रहेका नेताहरू जनताको सेवा र देश विकासमा भन्दा आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न र भ्रष्टाचार गर्नमा बढी संलग्न रहेको कारण देशको व्यापार व्यवसाय असफल भई आर्थिक मन्दीको अवस्था श्रृजना भएको बताउनुभयो ।



संस्थाका सञ्चालक सदस्य तुल्सीदास दुमरुले आफूमा रहेको रोगको पहिचान गर्न र रोग निवारण गर्न चिकित्सक परामर्शको आवश्यकता हुने उल्लेख गर्दै संस्थामा सिद्धि गणेश स्वास्थ्य क्लिनिकमा न्यून शुल्कमा जनरल, डेन्टल, फिजियोथेरापी र मुटुरोगसम्बन्धी सेवा प्रवाह हुँदै आएको जानकारी दिनुभयो ।

ख्वप अस्पतालका मानसिक रोग विशेषज्ञ डा. विवेक न्योपानेले मानसिक रोगका प्रकार, लक्षण र ती रोगका उपचार विधिहरूबारे प्रस्तुतीकरण गर्नुभयो । उहाँले मानसिक रोग भएका व्यक्तिहरूले आ-आफ्नो निजी विचार, अनुभूति वा व्यवहारअनुसार समस्या अनुभव गर्नसक्ने जानकारी दिनुभयो । उहाँले मानसिक पीडा व्यक्ति र परिवार, दुवैका लागि गाह्रो हुने उल्लेख गर्दै सो समस्याको समाधानका लागि चिकित्सकको परामर्श लिन लजाउन नहुने बताउनुभयो ।

उहाँले नेपालमा कोभिड १९ को महामारीपश्चात् नागरिकहरूमा मानसिक समस्य बढी देखा परेको जानकारी दिँदै मानसिक रोगसम्बन्धी भएका अनुसन्धानको नतिजाले आगामी ५ वर्षमा नेपालका ३१ प्रतिशत नागरिकहरूमा मानसिक रोगको समस्या देखा पर्नसक्ने सम्भावना रहेको बताउनुभयो । उहाँले व्यक्तिमा निरन्तर १५ दिन सम्म अनियन्त्रित चिन्ता भएको अवस्थामा मानसिक रोगको लक्षण हुनसक्ने बताउँदै सोको समयमै परीक्षण र उपचार नगराएमा अमानवीय क्षति हुने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाई र उपसमितिका सचिव प्रकाश प्रजापतिले पनि बोल्नुभएको थियो । कार्यक्रममा ५० जना सदस्यहरूलाई निःशुल्क सुगर तथा रक्तचाप परीक्षण र मानसिक रोगसम्बन्धी परामर्श प्रदान गरिएको थियो ।

# समृद्धि कृषि सहकारीको छैटौं साधारणसभा तथा चौथो अधिवेशन सम्पन्न




भक्तपुर, ५ पुस । समृद्धि कृषि सहकारी संस्था लिमिटेडको छैटौं वार्षिक साधारणसभा तथा चौथो अधिवेशन भक्तपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सभाहलमा शनिबार सम्पन्न भयो ।

उक्त कार्यक्रमको उद्घाटन गर्दै भक्तपुर आदर निकेतनका अध्यक्ष लक्ष्मीप्रसाद कुसीले बहुसङ्ख्यक किसानहरूको आवश्यकतालाई पूर्ति गर्न स्थापित समृद्धि कृषि सहकारीले कृषि खेतीलगायतका कार्य गरिसकेको बताउनुभयो । उहाँले कृषिसम्बन्धी विभिन्न तालिमहरू दिएर कृषकहरूलाई सहज हुने किसिमबाट अघि बढ्नुपर्ने बताउनुभयो । नेपाल सरकारबाट पाउने अनुदानमै अनियमितता र भ्रष्टाचार भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले भक्तपुर बचतको संरक्षकत्वमा सञ्चालित भक्तपुर आदर निकेतनमा सबैको साथ र सहयोग रहेकोले ज्येष्ठ नागरिकहरू खुसी भएको संस्थाका अध्यक्ष निर्मल प्रजापतिले संस्था क्रियाशील नभए मृत्युसरह हुने भएकोले संस्थालाई जीवन्तता प्रदान गर्न पुँजीको निर्माण गर्नुपर्ने बताउनुभयो । उहाँले संस्थाको सामर्थ्य, बजारको आवश्यकता र पूर्तिबारे राम्रोसँग अध्ययनपश्चात् संस्थाको दिगो विकासको योजना बनाउनुपर्नेमा जोड दिनुभयो । परनिर्भर भएसम्म स्वतन्त्र रूपमा अघि बढ्न नसक्ने भएकोले अब यो सहकारीलाई सहकारीको नीति, मापदण्डमा रहेर सहकारी आफै नगरी सहकारीका सदस्य र समूहलाई अघि बढाउन प्रोत्साहन दिनुपर्ने उहाँको जोड छ ।

कार्यक्रममा निर्वाचनमण्डलका संयोजक प्रेम प्रजापतिले निर्मल प्रजापतिको अध्यक्षतामा रहेको ७ सदस्यीय सञ्चालक समिति र सत्यनारायण साँयजूको संयोजकत्वमा रहेको ३ सदस्यीय लेखा सुपरीवेक्षण समितिको विघटन गरी रामलक्ष्मी दुवालको अध्यक्षतामा ७ सदस्यीय सञ्चालक समिति र सत्यनारायण साँय्जूको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरीवेक्षण समिति निर्विरोध निर्वाचित गरेको छ ।

उक्त सभामा सञ्चालक समितिको तर्फबाट सचिव अञ्जना छुस्याबागद्वारा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०८२/०८३ को अनुमानित बजेट तथा कार्यक्रम, लेखा सुपरीवेक्षण समितिका संयोजक सत्यनारायण साँय्जूद्वारा प्रस्तुत आ.व. २०८१/०८२ लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन, बाह्य लेखा परीक्षक हायजु एन्ड एशोसिएट्सद्वारा प्रस्तुत आ.व. २०८१/०८२ को बाह्य लेखा परीक्षण प्रतिवेदन र आ.व. २०८२/०८३ को लागि बाह्य लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणलगायतका प्रस्तावहरू पारित गरिएको थियो ।

छैटौं वार्षिक साधारणसभा तथा चौथो अधिवेशनबाट नवनिर्वाचित अध्यक्ष रामलक्ष्मी दुवालले ४ वर्षे कार्यकालका लागि प्रतिबद्धता व्यक्त गरेको उक्त कार्यक्रममा निर्वाचनमण्डलका संयोजक प्रेम प्रजापतिले बधाईज्ञापनसँगै प्रमाणपत्र वितरण गर्नुभएको थियो । कार्यक्रममा दयालक्ष्मी धन्छाले पनि बोल्नुभएको थियो ।

# नेपाल-चीन संयुक्त सुरक्षा गस्ती

मुस्ताङ, ५ पुस । उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमाना जोडिएको (नेपाल-चीन) उत्तरी कोरला सीमा क्षेत्रमा शुक्रबार संयुक्त सुरक्षा गस्ती गरिएको छ । हिउँदयामको माइनस डिग्री तापक्रमको परवाह नगरी सीमा क्षेत्रमा कार्यरत ( नेपाल-चीन) संयुक्त सुरक्षा अधिकारीले कोरला सीमा क्षेत्रको निगरानी बढाउन गस्ती नियमित गस्ती थालेका हुन् ।

यहाँस्थित (नेपाल-चीन) कोरला सीमा क्षेत्रअन्तर्गत डोल्पातर्फ पर्ने २१, २२, २३ र २४ नं सीमा स्तम्भ क्षेत्रमा संयुक्त गस्ती गरिएको सशस्त्र प्रहरी बल ३३ नं गुल्म हेडक्वाटर जोमसोमका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक भेषराज गिरीले जानकारी दिनुभयो । उहाँका अनुसार हिउँदयामका समयमा सीमा क्षेत्रमा हुनसक्ने सम्भावित अपराध नियन्त्रण, अवैध चोरी निकासी, सीमा क्षेत्रको शान्तिसुरक्षा र सीमाक्षेत्रमा अवाञ्छित गतिविधि नियन्त्रण गर्ने उद्देश्यले (नेपाल-चीन) संयुक्त निगरानी गस्ती गरिएको र यो हिउँदयामभरी नियमित रहने जनाइएको छ ।

कोरलास्थित सीमा क्षेत्रमा सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) र कोरलास्थित चिनियाँ सुरक्षा अधिकारीको संयुक्त टोलीले यहाँको नेपाल-चीन चार वटा सीमास्तम्भको संयुक्त सुरक्षा गस्ती गरिएको सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) नेचुङका इञ्चार्ज एवं सशस्त्र प्रहरी निरीक्षक अरुण भण्डारीले उल्लेख गर्नुभयो ।

कोरला सीमा क्षेत्रको शान्तिसुरक्षा र निगरानी बढाउन बिओपी इञ्चार्ज भण्डारीको कमाण्डमा १० जना र चीनतर्फ क्याप्टेन गेसाङ डुन्ड्रबको कमाण्डमा पाँच गरी १५ जनाको संयुक्त सुरक्षा टोली खटिएको बिओपी नेचुङले जनाएको छ ।

हिउँदयामको मौसममा नेपाल-चीनतर्फ पर्ने सबै सीमास्तम्भको नियमित संयुक्त सुरक्षा गस्ती गरिने योजना रहेको सशस्त्र प्रहरीले जनाएको छ । हिउँदयामको मौसममा कोरला नाका तथा अन्य सीमास्तम्भमा कोही नभएको मौका छोपी लुकीछिपी अवैध क्रियाकलाप हुनसक्ने अवस्था रहेकाले निगरानीका लागि सीमा गस्ती गर्नुपरेको जनाइएको छ ।

कोरलास्थित मुस्ताङ र चीनतर्फ सीमा जोडिएका सीमास्तम्भमा पुगेर नेपाल-चीनका संयुक्त सुरक्षा अधिकारीले नियमित गस्ती गरेका छन् । यहाँ चीनसँग सीमाना जोडिएका डोल्पातर्फ १८ देखि २३ र मनाङतर्फ २५ देखि ३३ नं सीमा स्तम्भ पर्दछन् । नेपाल-चीन २४ नं सीमा क्षेत्र ट्रान्जिट प्वाइन्ट एवं दशगजा क्षेत्र हो ।

यसअघि गत आइतबार अन्नपूर्ण संरक्षण आयोजना, इलाका संरक्षण कार्यालय (एक्याप) लोमान्थाङसहित सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) र छोसेर प्रहरी चौकीका सुरक्षाकर्मीले सेताम्मे हिउँमा २५ देखि २८ नं सम्मको सीमास्तम्भमा पुगेर संयुक्त सुरक्षा गस्ती गरेका थिए ।


# गुल्मीका सरकारी कार्यालयमा जनशक्ति अभाव

गुल्मी, ५ पुसः राष्ट्रिय सतर्कता केन्द्रले जिल्लामा अधिकांश सरकारी कार्यालयको सेवा प्रवाह सन्तोषजनक देखिए पनि जनशक्ति अभाव, बजेट न्यूनता र प्रविधिगत समस्याका कारण चुनौती थपिएको निष्कर्ष निकालेको छ ।

राष्ट्रिय सतर्कता केन्द्रले गुल्मीका २८ सरकारी कार्यालय र छ वटा विकास आयोजनाको अनुगमन तथा सेवाग्राही सर्भेक्षण गरेपछि उक्त निष्कर्ष निकालिएको राष्ट्रिय सतर्कता केन्द्रका सहसचिव दीपक घिमिरेले जानकारी गराउनुभयो । सतर्कता केन्द्रले एक सातको अवधिमा जिल्ला प्रशासन कार्यालय, मालपोत, नापी, गुल्मी अस्पताल, स्वास्थ्य कार्यालय, कृषि ज्ञान केन्द्र, घरेलु तथा साना उद्योग कार्यालय, नेपाल टेलिकम, नेपाल विद्युत् प्राधिकरण, डिभिजन वन, खानेपानी र केही स्थानीय तहका कार्यालयको अनुगमन गरेको थियो ।

अनुगमन गरिएका कार्यालयमा कूल ६२९ दरबन्दीमध्ये ४७९ पद मात्र दरबन्दी पूर्ति भएको पाइएको छ । एक सय ७३ पद रिक्त रहँदा करिब २७ दशमलव पाँच प्रतिशत जनशक्ति अभाव रहेको देखिएको छ । त्यसका कारण सेवा प्रवाहमा प्रत्यक्ष असर परेको जनाइएको छ । केन्द्रले गरेको ५७ सेवाग्राही सहभागीको सर्भेक्षणअनुसार ८७ दशमलव सात प्रतिशतले तोकिएका समयमा सेवा प्राप्त गरेका छन् । सेवा नपाएका सेवाग्राहीले कर्मचारी अभाव, प्रक्रिया झन्झटिलो र कागजात नपुगेका कारण उल्लेख गरेका छन् ।

## हार्दिक समवेदना



जन्म
२००५।०४।२६

निधन
२०८२।०९।०३

यस संस्थाका अध्यक्ष शमशेरबहादुर ज्याख्वाका पूजनय पिता भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ८ च्याम्हासिंह टोल बस्ने यस संस्थाका सदस्यता नं. २२० का सदस्य **जगतशेर ज्याख्वा**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाजली अर्पण तथा मृतात्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**विश्वकर्मा बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह-८, भक्तपुर

# ख्वप्रिङमा खाद्य महोत्सव सम्पन्न



भक्तपुर, ५ पुस । ख्वप्रिङ इङ्लिस एकेडेमी, लिबालीको आयोजनामा एकदिने 'ख्वप्रिङ खाद्य महोत्सव' शनिबार सम्पन्न भएको छ ।

चर्चित पाकशास्त्री सन्तोष साहको विशेष आतिथ्यमा भएको उक्त महोत्सवमा विभिन्न जातजातिका पहिचानयुक्त खाद्य परिकारहरूको प्रदर्शन र बिक्री वितरणसमेत गरिएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपेन्द्र प्रजापतिले महोत्सवको उद्घाटन गर्दै विद्यार्थीलाई पाठ्यपुस्तकमा मात्र सीमित नराखी व्यावहारिक ज्ञानसमेत दिने उद्देश्यले महोत्सवको आयोजना गरेको बताउनुभयो ।

विद्यालयका प्रिन्सिपल विनोद प्रजापतिले स्कूलको नियमित शिक्षण क्रियाकलापको क्रममा सामाजिक–सांस्कृतिक गतिविधिको रूपमा विभिन्न जातजातिका खाद्य परिकार पस्कने प्रयास गरेको बताउनुभयो ।

उहाँले भाषा–भेष जस्तै खानाले पनि जातीय पहिचान दिने हुँदा जातीय पहिचानयुक्त खाद्य परिकार पनि जोगाई राख्नुपर्ने ध्येयले महोत्सवको आयोजना गरेको बताउनुभयो ।

विद्यालयमा अध्ययनरत विभिन्न जातजातिका विद्यार्थी र तिनका अभिभावकहरूको सक्रिय सहभागितामा भएको उक्त महोत्सवमा तामाङ जातिको खाप्से, सेल, भोल्ता, थारू र ताजपुरिया समुदायको लड्डु, बगिया, दालको पकौडा, भक्का, सुदूरपश्चिम समुदायको फिनीरोटी, चिनीरोटी, भुजी, बाहुन समुदायको सेल रोटी, पुरी–तरकारी, खीर, पुवा, चाम्रे, छठ विशेष परिकार थेकुवा, पुर्किया, कसार, आलुको पुरी, राई र मगरको ऐरी, चामलको खट्टे, फापरको बटुक, फुलौरा बिक्री वितरणमा राखिएको थियो ।

त्यस्तै नेवार समुदायको योमरी, वः, चटामारी, जुजु धौ (दही), सम्हेबजी, तखा, ख्व भ्वय्सहित मासु र अचारका अनेक परिकार पनि बिक्रीमा राखिएका थिए भने नेवारहरूको बलिसहितको पूजापछि खाइने भोजमा प्रदान गरिने 'स्यू' हरू पनि प्रदर्शनीमा राखिएका थिए ।

दोस्रो त्रैमासिक परीक्षाको नतिजा पनि वितरण गरिएको हुँदा विद्यार्थी र अभिभावकको बाक्लो उपस्थिति रहेको उक्त महोत्सवमा स्वादका पारखीहरूलाई मनोरञ्जन दिलाउन विद्यार्थीहरूले नाचगानसमेत प्रदर्शन गरेका थिए ।

# युवाहरू समाज परिवर्तनको निम्ति जुट्नुपर्ने

भक्तपुर, ५ पुस । नेपाल क्रान्तिकारी युवा सङ्घ ख:लाँ भेगीय समितिको आयोजनामा शनिबार युवा भेला भयो ।

नेक्रायुसङ्घ भजिसका उपाध्यक्ष एच.एस.सुवालले नेमकिपाले देश र जनताको निम्ति सडकदेखि सदनसम्म राख्दै आएको सान्दर्भिक विचार सरकारमा जाने दलहरूले नसुनेको हुनाले भदौ २३ र २४ को घटना घटेको बताउनुभयो । नयाँ पुस्ताले अग्रजहरूको अनुभवबाट सिकेर प्रविधि र आफूले आर्जन गरेको सीपको प्रयोग गरी समाज परिवर्तनको लागि जुट्न प्रेरित हुनुपर्ने भनाइ राख्दै उहाँले देशको सार्वभौमिकता र स्वाधीनता रक्षाका लागि एकजुट भई साम्राज्यवादी र विस्तारवादी शक्तिहरूविरुद्ध लड्न सिक्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा ५ वडा एकाइ समितिका इन्चार्ज बलराम सिबञ्जारले युवाहरूमा छाएको राजनीतिक वितृष्णालाई चिर्दै पार्टीको नीति निर्देशनमा रही समाजमा उदाहरणीय काम गर्न कार्यकर्ताहरू सदा तत्पर रहनुपर्ने र भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन युवाहरूले योगदान गर्नुपर्ने भनाइ व्यक्त गर्नुभयो ।

नेक्रायुसङ्घ ५ वडा एकाइ समितिका अध्यक्ष लक्ष्मीनारायण त्वानाबासुले राजनीतिक र सामाजिक परिवर्तनमा युवा भूमिकाबारे बताउँदै समाजमा देखिएका विकृति विसङ्गतिविरुद्ध सक्रिय भई लाग्ने युवा नै वास्तविक अर्थमा युवा हो भन्नुभयो ।

नेक्रायुसङ्घ ख:लाँ भेगीय समितिका अध्यक्ष सर्जु फसिकवको सभापतित्वमा भएको उक्त भेलामा सचिव नविन सिख्वालले पनि बोल्नुभयो । भेलाबाट सर्जु फसिकवको अध्यक्षतामा रहेको भेगीय समिति विघटन गरी गौरव तमखूको अध्यक्षतामा १२ सदस्यीय नयाँ कार्य समिति गठन गरियो ।

# पर्यटन व्यवसायीलाई चिनियाँ भाषा तालिम

काठमाडौँ, ५ पुस । नेपाल–चीन कूटनीतिक सम्बन्ध स्थापनाको ७० औँ वार्षिकोत्सवका सन्दर्भमा नेपाल पर्यटन बोर्ड र यहाँस्थित चिनियाँ राजदूतावासको सहयोगमा नेपालका पर्यटन व्यवसायीलाई चिनियाँ भाषा प्रशिक्षण दिइएको छ ।

६ महिने उक्त प्रशिक्षणमा संलग्न ४७ जना व्यवसायीलाई शुक्रबार आयोजित एक कार्यक्रममा प्रमाणपत्र प्रदान गरियो । त्यस अवसरमा पर्यटन विभागका महानिर्देशक रामकृष्ण लामिछानेले प्रशिक्षणका माध्यमबाट व्यवसायीलाइ चिनियाँ पर्यटकसँग व्यवहार गर्न तथा आफ्ना सेवाबारे अवगत गराउन सहज हुने बताउनुभयो । साथै उहाँले देशको पर्यटन उद्योगमा चिनियाँ भाषा जानेका व्यवसायीबाट टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

दूतावासका 'मिनिस्टर काउन्सिलर' चु पानले चीन–नेपाल सम्बन्धका विविध पक्षबारे चर्चा गर्दै यसबाट दुई देशबिचको सांस्कृतिक सम्बन्धलाई अझ सुदृढ तुल्याउन बल मिल्ने विश्वास व्यक्त गर्नुभयो ।



**भुवा नाच**

डोटीको पूर्वीचौकी गाउँपालिका–४ सानागाउँमा मौलिक वेशभूषामा सजिएर सुदूरपश्चिम प्रदेशको मौलिक तथा ऐतिहासिक सांस्कृतिक पर्व भुवामा भुवा नाच प्रदर्शन गर्दै स्थानीय । द्वापरयुगसँग जोडिएको यस पर्वलाई पाण्डवहरूको विजयको प्रतीकका रूपमा मनाइन्छ । *तस्बिर : चक्र मल्ल/रासस*

# हिंसापीडित बालबालिकाका लागि सुरक्षित आवास गृहको अभाव

भक्तपुर, ५ पुस । विभिन्न प्रकारको हिंसामा परेका बालबालिकालाई उद्धारपछि राख्ने सुरक्षित आवासगृहको अभाव हुन थालेपछि उपत्यकामा कार्यरत नेपाल प्रहरीका विभिन्न शाखा तथा सरोकारवाला निकायले चिन्ता व्यक्त गरेका छन् । उनीहरूलाई राख्ने व्यवस्था मिलाउन समस्या हुन थालेकाले सहयोग गर्न अनुरोधसमेत गरिएको छ ।

राष्ट्रिय बाल अधिकार परिषद्की सदस्य सचिव इन्द्रादेवी ढकालले बालबालिकाका लागि सुरक्षित आवासको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले कानुनको विवादमा परेका बालबालिकासम्बन्धी उजुरीको अनुसन्धानलाई बालमैत्री बनाउने विषयमा सबैको ध्यान जानुपर्ने बताउनुभयो ।

सदस्य सचिव ढकालले भन्नुभयो, "हिंसा एवं पीडामा परेका बालबालिका, किशोरीलाई उद्धारपछि राख्ने सुरक्षित आवास अत्यावश्यक छ । यसबारेमा मन्त्रालयसँग हामीले कुरा गरिरहेका छौँ, एक प्रदेशमा कम्तीमा एक सुरक्षित आवास गृह आवश्यक । नयाँ आउनुभएका मन्त्रीसँग यसबारेमा कुरा गर्नेछौँ ।"

परिवार र आफन्तबाट हुने हिंसाका घटनामा धेरैजसो मुद्दा चल्न नदिने र भित्रभित्रै मिलाउने समस्याहरू रहेको भन्दै उहाँले नौ वर्षमा एक बाल सुधारगृह नुवाकोटमा थपिँदा बल्ल नौ वटा पुगे पनि अझै सुधारगृह थप आवश्यक रहेकाले यसबारेमा पनि मन्त्रीसँग छलफल गरिने बताउनुभयो ।

विगत ३१ वर्षदेखि बालअधिकार संरक्षणका लागि कार्य गर्दै आएको सिविसकी अध्यक्ष विमला ज्ञवालीले बालबालिका हिंसामा पर्दा आउने दबाबका समस्यालाई कानुनको कार्यान्वयन गर्ने निकायले निकासमा पुऱ्याएर पीडितलाई न्याय दिने मामिलामा सशक्त भएर उभिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले बालबालिकामाथि हुने घटनाको अनुसन्धान गर्दा मानव अधिकार, संवेदनशीलता र मनोवैज्ञानिक पक्षलाई केन्द्रमा राख्नुपर्ने औँल्याउँदै भन्नुभयो, "एक मात्र बालबालिका पनि सडकमा कुनै पनि प्रकारको दुर्व्यवहार वा हिंसामा पर्छ भने कुनै पनि बालबालिका सुरक्षित छैनन् भन्ने बुझेर काम गर्नुपर्छ ।"

राष्ट्रिय बालअधिकर परिषद्का सूचना अधिकृत रामबहादुर चन्दले कानुन कार्यान्वयनमा ल्याउन कुनै दबाबमा पर्न नहुने औँल्याउनुभयो । उहाँले कानुनमा अनुसन्धान, बालबालिकासम्बन्धी ऐन–२०७५, पीडित बालबालिकाको अधिकार, अनुकूल न्यायको व्यवस्थालगायतका बारेमा जानकारी गराउनुभएको थियो ।

नेपाल प्रहरी अपराध अनुसन्धान विद्यालयका प्रहरी निरीक्षक महेन्द्र अर्यालले सहभागी बालिका विपना बस्नेतले उजुरी लिएरै प्रहरीमा जान बालबालिकालाई डर लाग्ने बताउँदै बालबालिकासँग प्रहरीको सम्बन्ध राम्रो हुनुपर्ने बताउनुभयो ।

खोजतलास केन्द्रका प्रहरी नायब उपरीक्षक दिनेश घिमिरेसहित भक्तपुर, काठमाडौँ र ललितपुरका विभिन्न प्रहरी कार्यालयमा कार्यरत महिला सेलका प्रहरीहरूले हिंसापीडित बालबालिकाको अवस्था, उद्धारपछि राख्ने सुरक्षित आवासको अभाव रहेको बताउनुभएको छ ।

बालबालिका खोजतलास केन्द्र १०४ का सन्तोष अधिकारीले विपतमा परेका हिंसा एवं सडक बालबालिकालाई राख्ने ठाउँको अभाव हुँदा जुनसुकै बेलामा पनि खबर गर्न आग्रह गर्नुभयो । सिविसकी टिम लिडर रुजा पोखरेलले बालमैत्री प्रक्रियाहरू प्रयोग गर्दै बालबालिका केन्द्रित घटनाको अनुसन्धान गर्नुपर्नेमा जोड दिनुभयो ।

# राहुघाट जलविद्युत् आयोजना ९० प्रतिशत बढी भौतिक प्रगति

म्याग्दी, ५ पुस । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावर प्रवर्द्धक रहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको ९० प्रतिशत भौतिक प्रगति भएको छ ।

सुरुङ, बाँध र विद्युत्गृहको भौतिक संरचना निर्माण, उपकरण जडान अन्तिम चरणमा पुगेको आयोजना विद्युत्लाई केन्द्रीय ग्रिडमा जोड्ने स्वीचयार्ड निर्माणमा जुटेको छ । रघुगंगा हाइड्रोपावरका आयोजना व्यवस्थापक राज विष्टले अबको तीन महिना (मार्च) मा परिक्षण उत्पादन सुरु गर्ने लक्ष्यसहित निर्माण भएका संरचनालाई पूर्णता: दिन लागिएको जानकारी दिनुभयो ।

"सिभिल, हाइड्रो र इलेक्ट्रोमेकानिकलका कामलाई बिट मार्दै लगिएको छ", उहाँले भन्नुभयो, "२० मेगावाटको टर्बाइन जडान गरेर ड्राई टेस्टिङ गर्न तयार पारेका छौँ । मार्च महिनाभित्र परीक्षण उत्पादन सुरु गर्ने लक्ष्यसहित ठेकेदार परिचालन भएको छ ।"

भारतीय सिभिल ठेकेदार कम्पनी जयप्रकाश एसोसियट्स (जेपी) ले ४५ महिनामा सम्पन्न गर्ने लक्ष्यसहित २०१७ नोभेम्बर १७ (२०७४ मङ्सिर ६ गते) रु. छ अर्बमा ठेक्का सम्झौता गरेको थियो । सन २०२२ फेब्रुअरीमा पहिलो, सन् २०२२ फेब्रुअरीमा दोस्रो र २०२५ नोभेम्बरसम्मका लागि तेस्रो पटक म्याद थपिएको थियो । चौथो पटक मार्च महिनासम्मका लागि म्याद थप भएको छ ।

रघुगंगा गाउँपालिका–४ दग्नाम र वडा नं ५ झिँको फेदीमा बाँध, छ किलोमिटर २७० मिटर लामो मुख्य सुरुङ र तिल्केनीचौरमा विद्युतगृह निर्माणको काम ९० प्रतिशतभन्दा बढी सकिएको छ ।

कोरोना महामारी, बाढी, पहिरोजस्ता प्राकृतिक विपद् र नदीजन्य निर्माण सामग्रीको अभावका कारण आयोजना निर्माणमा ढिलाइ भएको ठेकेदार कम्पनी जेपीका आयोजना व्यवस्थापक हरिश अग्रवालले बताउनुभयो ।

भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल) सँग विसं २०७६ कार्तिकमा एक करोड दुई लाख ९३ हजार २२.३५ अमेरिकी डलरमा भएको इलेक्ट्रोमेकानीकल ठेक्का सम्झौताको म्याद यही डिसेम्बर ३१ मा सकिँदै छ । भेलले अधिकांश उपकरण आयात सकेर जडानको काम गरिरहेको छ ।

भारतीय आयात निर्यात (एक्जीम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा नेपाल विद्युत् प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्रयाक्ट (इपिसी) प्रारूपमा राहुघाट जलविद्युत आयोजना सञ्चालन गरिएको हो ।

कमजोर आर्थिक अवस्थाका कारण २०७२ मा पुरानो ठेकेदार आइभिआरसिएल सँगको ठेक्का तोडेर नयाँ प्रक्रियाबाट निर्माण अघि बढाइएको थियो । पछिल्लो पटक छनोट भएको सिभिल ठेकेदार जयप्रकाश एसोसियट्स (जेपी)ले २०७५ असारमा पहुँचमार्ग र २०७६ असारमा सुरुङ खन्न सुरु गरेको थियो ।

यस आयोजनाले वार्षिक रु. २४ करोड पाँच लाख ९३ हजार ३४ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित २०७५ चैतमा विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गरेको थियो । राहुघाटबाट उत्पादन हुने विद्युत् केन्द्रीय ग्रिडमा जोड्न कालीगण्डकी कोरीडोरअन्तर्गत २२० केभी (डबल सर्किट) क्षमताको दाना–कुश्मा प्रसारण लाइनमा लिलो माध्यमबाट जोडिने छ । चार वटा टावर र प्रसारण लाइन पनि बनिसकेको छ ।

। सम्पादकीय ।

# देशको अर्थतन्त्र सुदृढ गर्नु आवश्यक

अर्थतन्त्र मजबुत भयो भने मात्र देश विकास हुन्छ र जनताको जीवन सुखपूर्ण हुन्छ या भोक, रोग र शोकले मर्नु पर्दैन । देशलाई समृद्ध र जनतालाई सुखी बनाउन समाजवादी अर्थतन्त्रको आवश्यकता हुन्छ । जसरी भए पनि पार्टी ठुलो बनाउने र सरकारको नेतृत्व गर्ने चाहनाले देश समृद्ध बन्दैन । देश र जनता भुलेर देशको अर्थतन्त्र मजबुत हुँदैन । जहाँ बढी भ्रष्टाचार, कमिसनको खेल हुन्छ, अनियमितता हुन्छ; बिचौलिया र कालाबजारीहरूको चलखेल हुन्छ त्यहाँ विकास र आयस्रोतमा बाधा हुन्छ । भएको बजेट या आयस्रोतमा शासकहरूले आँखा गाडे भने देशको आयस्रोत बढ्दैन । जनताका आधारभूत आवश्यकता पूर्तिसँगै उत्पादित सामान देशवासीलाई छोडेर अरु निर्यात गर्न सके, देशका स्रोत र साधनको उचित प्रयोग भए राज्यस्रोत बढ्छ । यसले विकासमा टेवा पुऱ्याउँछ । वास्तवमा सरकारको ध्यान दलगत र व्यक्तिगतभन्दा देशको स्रोत बढाएर जनतालाई सुखी बनाउनेतर्फ जानुपर्ने हो ।

संविधानमा समाजवादउन्मुख व्यवस्थाको अवधारणा छ । गणतन्त्र घोषणासँगै व्यवस्था भएको सो अवधारणाअनुसार काम भएको छैन; सरकारले संविधानलाई राम्ररी कार्यान्वयन गरिरहेको छैन । संविधानको अवधारणा समाजवादउन्मुख भए पनि बन्दोबस्त सबै पुँजीवादउन्मुख छ । पुँजीपति, सामन्त, जालीफटाहाहरूको स्वार्थ हेर्ने पुँजीवादी व्यवस्थाले श्रमजीवीवर्गको सेवा गर्दैन; श्रमजीवीवर्गको श्रमको मूल्य पाउँदैन । हरेक दृष्टिकोणले श्रमजीवीवर्गमाथि शोषण, विभेद र पक्षपात गरेर देशको अर्थतन्त्रमा सुधार हुँदैन । कम्युनिस्ट पार्टीको नेतृत्वमा पटक-पटक सरकार बनिसकेको छ । यसअघि पनि कम्युनिस्ट पार्टीकै नेतृत्वमा शक्तिशाली सरकार बनेको थियो । सिङ्गो कम्युनिस्ट भनिने दलको नेतृत्वमा सरकार बन्दा न समाजवादउन्मुख संविधान लागू भयो न त त्यसको पूर्वाभ्यास नै गरियो । चाहे कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार बनेको होस्, चाहे प्रजातान्त्रिक भनिने दलको नेतृत्वमा । कुनै पनि दलको सरकारले देश र जनतालाई माथि राखेर काम गर्न सकेन । अनि देशको अर्थतन्त्र कसरी सुधार हुन्छ ?

विकास निर्माणको नाममा कमिसन, चुहावट, अनियमितता र भ्रष्टाचार भएसम्म विकासलाई उचाइमा पुऱ्याउन सकिँदैन । देशमा उत्पादन नगरी भएभरको सामान विदेशबाट आयात गरेर देशको आयस्रोत कसरी बढ्छ ? स्वदेशी स्रोत विदेसिएपछि, अरुको भरमा बस्नु परेपछि त्यो देशले अरु देशसँग कसरी प्रतिस्पर्धा गर्न सक्छ ? सरकारले देशभित्रका स्रोत र साधन उपयोग गरेर उत्पादन बढाउनुपर्छ र रोजगारीको व्यवस्था गर्नुपर्छ । स्वदेशमै उत्पादन बढ्यो, काम-मामको व्यवस्था भयो भने देश र जनताको आयस्रोत बढ्छ । सरकारले डाँडामा ठुलठुला भ्यु टावर जस्ता अनुत्पादक वस्तुमा लगानी गरेर जनताका आधारभूत आवश्यकता कसरी आपूर्ति हुन्छ ? युवा श्रम शक्तिलाई विदेशतिर धकेल्ने नीति सरकारले तर्जुमा गर्नु हुँदैन । हरेक दिनभैँ पत्र पत्रिकामा भ्रष्टाचार र अनियमितता गरेको, पदको दुरुपयोग गरी आय आर्जन गरेको र सोसम्बन्धी मुद्दा परेको खबर प्रकाशमा आइरहेको छ । जनताको सम्पत्तिबाट बनेको विकास र योजनामा चुहावट भएपछि आर्थिक विकास चुनौतीपूर्ण स्वाभाविक हो ।

शासकहरू गम्भीर नहुँदा या किंकर्तव्यविमूढ हुँदा देशमा सन्तुलित विकास भएन । भएको बजेट पनि राम्ररी सदुपयोग भएन या दुरुपयोग भयो । यो पनि सरकारकै कमजोरी हो । सरकारले समयमा बुद्धि नपुऱ्याउँदा र जनताको माग सम्बोधन नगरेकोले पनि देशको ठुलो सम्पत्ति ध्वस्त भएको हो । जेन-जी आन्दोलन अहिलेसम्मकै सबभन्दा बढी देशको सम्पत्ति ध्वस्त भएको आन्दोलनको रूपमा चिनेको छ । एकै दिन खर्बौं बराबरको भौतिक सम्पत्ति क्षति हुनु भनेको सामान्य होइन । यस्तो घटनाले देशको अर्थतन्त्रलाई ध्वस्त पार्ने काम गर्छ । त्यत्रो ठुलो क्षति भएको सम्पत्ति सरकारले कहिले आर्जन गर्नसक्ला ? देशको बजेटको झन्डै एकचौथाइ बराबरको सम्पत्ति नष्ट हुनु भनेको ठुलै क्षति हो । यसको दोषी या जिम्मेवार को ?

यसबाहेक भूकम्प, बाढी पहिरो र डुबानले पनि देशको सम्पत्ति र आयमा क्षति पुगेको यथार्थ हो । कोरोना, डेङ्गुजस्ता रोगव्याधि, रोगको प्रकोपले पनि देशको आयस्रोतमा बाधा पुऱ्याएको छ । उद्योग सञ्चालकहरू इमानदार नभएकाले उद्योग तथा कलकारखाना डुबेर पनि आर्थिक सङ्कटमा परेको स्थिति छ । यस्तै यस्तै समस्याले नेपालको आर्थिक वृद्धिदर एकदमै नगण्य छ । सरकारले पर्यटकहरूको आगमन बढाउने आकर्षक योजनाहरू बनाउन सकेको छैन । स्वदेशी विदेशी पर्यटकहरूको सङ्ख्या बढाएर पर्यटन उद्योगको विकास गर्न सके त्यो देशको एउटा आयस्रोतको केन्द्र बन्ने थियो । शासकहरू इमानदार, नि:स्वार्थी, देश र जनताप्रति जिम्मेवार, कर्तव्यनिष्ठ, दूरदर्शी र देशभक्त भएमा देश र जनताको सेवा गर्नु नै सरकार या शासकहरूको कर्तव्य हो भन्ने सम्झेमा, सम्झेर काम गरेमा देश बनाउन सकिन्छ; देशलाई विश्वसामु चिनाउन सकिन्छ ।

# सिद्धान्तहीन चुनावी मोर्चा र सत्ता गठबन्धनबाट जनता सतर्क हुनुपर्ने

● प्रज्ज्वल

राजनीतिक दल दर्शन र वर्गआधारमा स्थापना र सञ्चालन हुने हो । नेपालमा शासक दलहरूको नाम र नेता फरक छ तर दर्शन र वर्गआधार फरक भएन । नेका, एमाले, नेपाली कम्युनिस्ट पार्टी (यसअघि माओवादी केन्द्र र एकीकृत समाजवादी), रास्वपा, राप्रपाका नाम र नेता फरक भए पनि ती सबै पुँजीवादी सरकारको प्रधानमन्त्री र मन्त्री बन्न मरिहत्ते गर्नेहरू हुन् । मधेस आधारित पार्टीहरू जसपा नेपाल, जनमत, लोसपा, नागरिक उन्मुक्ति पार्टीका नाम, नेता फरक भए पनि देउवा, ओली, दाहाल नेतृत्वको सरकारमा मन्त्री बन्न तँछाडमछाड गरेका हुन् । गएको भदौ २३ र २४ गतेको घटना यी शासक पार्टीहरू अयोग्य भएको हुँदा घटेको हो ।

राष्ट्रिय मानव अधिकार आयोगले प्रेस वक्तव्य प्रकाशित गर्दै भदौ २३ र २४ गतेको घटनाबारे स्पष्ट गऱ्यो, "सरकारमा गएका पार्टीहरूले देश र जनताको समस्यालाई समयमा सम्बोधन गरेनन् र सम्भावित घटनाको पूर्वानुमान गर्न सकेनन् ।"

सरकारको अर्थ व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, निजामती कर्मचारी, सेना, प्रहरी, राष्ट्रिय अनुसन्धान विभागसमेत हुन् । शासक दलहरू आ-आफ्ना कार्यकर्ता लाखौँ लाख भएको दाबी पनि गर्छन् । संवत् २०७९ को संसदीय निर्वाचनमा एमालेले २६ लाख, नेकाले २५ लाख, दाहालको पार्टीले १२ लाख, रास्वपाले १० लाख हाराहारी मत प्राप्त गरेका थिए । ती पार्टीका सरकार र नेकाको समर्थन प्राप्त एमालेको ओली सरकारले समेत भदौ २३ र २४ गतेको घटनाबारे पूर्वानुमान गर्न सकेनन् । परिणामत: देश र जनताको समस्या समाधान होइन झन् बढ्यो ।

नेपाली जनताले शासक दलहरूलाई सचेत गराएकै हुन् । "के प्रधानमन्त्री र मन्त्री हुनु भनेको झन्डावाल गाडीमा बसेर सिंहदरबार भित्रबाहिर गर्नु मात्र हो ?" यो प्रश्नको सन्तोषजनक जवाफ प्रधानमन्त्री भएकाहरू देउवा, ओली, दाहाल, माधव, खनाल, बाबुरामले दिएनन् । संवत् २०७९ को निर्वाचनको बेला नेका र एमालेको नेतृत्वमा अलगअलग निर्वाचन मोर्चा थिए । दाहाल, माधव, खनाल, बाबुराम, चित्रबहादुर केसी नेकासँगको चुनावी मोर्चामा थिए भने राप्रपा, जसपा नेपाललगायत एमालेसँगको मोर्चामा थिए । निर्वाचनलगत्तै सरकार गठनको बेला मोर्चा परिवर्तन भयो । एमालेको समर्थनमा दाहाल प्रधानमन्त्री भए । यो सरकारमा रास्वपा, राप्रपासमेत उपप्रधानमन्त्री बन्न पुगे भने अन्य शासक दलहरू मन्त्री बने वा सरकारलाई समर्थन गरे । एक महिनामै सरकारको गठबन्धन परिर्वतन भयो । नेकाका राष्ट्रपति उम्मेदवार रामचन्द्र पौडेललाई जिताउन दाहाल, माधव, उपेन्द्र, सीके राउत, महन्थ ठाकुर आदि संयुक्त भए । चौध महिनापछि दाहाल नेतृत्वको सरकारबाट नेका बाहिरियो भने एमाले र रास्वपा सरकारमा सामेल भए । चार महिनापछि नेकाको समर्थनमा एमालेको ओली सरकार चौध महिना चल्यो । अर्थात्, संसद्का दुई ठुला दल नेका र एमालेको सरकार गठन गरिएको संसदीय परम्पराविपरीत थियो ।

बहुदलीय व्यवस्था पुन:स्थापनायता ३५ वर्षमा नेका र एमालेको नेतृत्वमा पालैपालो सरकार बन्यो । नेका र एमालेको विवाद हुँदा राप्रपाका सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्द पनि प्रधानमन्त्री बने । संवत् २०६३ साल यता दस वर्षको सशस्त्र द्वन्द्वबाट शान्ति प्रकृयामा आएपछि दाहाल र बाबुराम पनि पालैपालो प्रधानमन्त्री बने । यो अवधिमा सरकारहरूबाट पनि देश र जनताको समस्या समाधान भएनन् ।

नेकाको समर्थन प्राप्त एमालेको ओली सरकारले गएको भदौ २३ गतेको प्रदर्शनलाई काबुमा राख्न नसक्दा काठमाडौँमा १७ र सुनसरीमा दुई जना गरी १९ जनाको मृत्यु भयो । यसको प्रतिरोधमा भदौ २४ गते देशव्यापीजस्तै आगजनी भयो । एमालेले आगजनीमा दाहाल, रास्वपा, राप्रपाको संलग्नता भएको दाबी गऱ्यो । नेकाका नेताहरूको घर आगजनीमा एमालेका कार्यकर्ताहरू र एमालेका नेताहरूको घर आगजनीमा नेकाका कार्यकर्ताहरू संलग्न भएको पनि सार्वजनिक भयो ।

शासक दलहरू प्रधानमन्त्री र मन्त्री हुने काम एकले अर्कोलाई खुइल्याउने मात्र भए । प्रधानमन्त्री र मन्त्री बनेकाहरूको काम देश र जनताको नि:स्वार्थ सेवा हुँदै भएन । यसरी शासक दलहरूको देश र जनताविरोधी गतिविधिबाट भदौ २३ र २४ गतेको घटनालाई मलजल दिने काम भयो ।

यसअघि नेकाले संसद् भङ्ग गरेको बेला एमाले र एमालेले संसद् भङ्ग गरेको बेला नेका पुन:स्थापनाको लागि सर्वोच्च अदालत पुगेका थिए । शासक दलहरू सर्वोच्च अदालतको फैसलालाई आ–आफ्नो स्वार्थअनुसार परिभाषित गर्छन् । सङ्कटकालमा तत्कालीन राजा ज्ञानेन्द्रले संसद् विघटन गरी जनप्रतिनिधि शून्य बनाएको बाहेक बहुमत प्राप्त प्रधानमन्त्रीबाट संसद् भङ्ग भएपछि चुनाव हुनुपर्ने थियो । नेका, एमाले, माओवादीको अपरिपक्वताको कारण त्यसो भएन ।

भदौ २३ र २४ गतेको घटनापछि नेकाको समर्थन प्राप्त एमालेको ओली सरकारले भदौ २४ गते राजीनामा दिए । ओलीले भदौ २७ गते राष्ट्रपति र प्रधानसेनापतिको आग्रहमा नयाँ प्रधानमन्त्री नियुक्ति गर्न सम्मति पनि जनाए । कतिपयले यसलाई सैनिक शासनको सङ्केत पनि बताए । भदौ २४ गते प्रधानमन्त्री ओलीको राजीनामा सेनामार्फत राष्ट्रपति कहाँ पुगेको थियो । त्यतिबेला राष्ट्रपति पौडेलसमेतलाई राजीनामा गर्न दबाब गरेको सार्वजनिक भएको थियो ।

राष्ट्रपति पौडेलले ओलीको सम्मतिअनुसार भदौ २७ गते नेका, दाहाल, माधवसमेतको सल्लाह गरी पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री पदमा नियुक्त, कार्कीको सिफारिसमा प्रतिनिधिसभा विघटन र फागुन २१ गते निर्वाचनको मिति घोषणा गरेको दाबी गरे । यतिबेला नेका र एमाले दुवै प्रतिनिधिसभाको पुन:स्थापनाको लागि सर्वोच्च अदालतमा पनि पुग्ने र फागुन २१ गते हुने निर्वाचनको लागि निर्वाचन आयोगमा पार्टी दर्ता पनि गराउने गर्दै छन् । यसरी नेका र एमाले दुबैमा राजनीतिक परिपक्वता देखिएन । अर्थात् दुबै दल सर्प आए दुलोबाहिर हात, माछा आए दुलोभित्र हातजस्ता अवसरवादी पार्टी साबित भए ।

पैतीस वर्षयता शासक दलका नेता र कार्यकर्ताहरू पटक-पटक प्रधानमन्त्री र मन्त्री बने तर सत्ता के हो, कहाँ को कोसँग हुन्छ बुझ्न सकेनन् । गएको भदौ २४ गते शासक दलहरू निरिहजस्तै भए । तिनले २६ लाख, २५ लाख, १२ लाख मत पाएको र तिनका ८–१० लाख कार्यकर्ता भएको दाबी गरिए पनि पुष्टि भएन ।

एमालेले विघटित प्रतिनिधिसभा पुन:स्थापनालाई जोड दिए पनि चुनावबाट नभाग्ने बताउँदै छ । नेकाले प्रतिनिधिसभा पुन:स्थापनाको मुद्दा यथावत राखी निर्वाचनको लागि सरकार र निर्वाचन आयोगले वातावरण बनाउनु पर्ने बताउँदै छ । शासक दलहरूले देश र जनताको नि:स्वार्थ सेवा गर्न नसकेपछि जनताको अभिमत बुझ्ने नयाँ निर्वाचन नै उत्तम विकल्प हो । निर्वाचनमा जाने दलहरू सिद्धान्तहीन चुनावी मोर्चा र निर्वाचन परिणामपछि प्रधानमन्त्री, मन्त्रीका लागि सिद्धान्तहीन सरकारी गठबन्धन गर्नु आत्मघाती हुनेछ । नेपाली जनताले त्यस्ता पार्टीहरूलाई चिन्नु जरुरी हुन्छ ।

# शैक्षिक प्रमाणपत्रभन्दा स्वैच्छिक चिन्तन र स्वाध्ययन मूल्यवान्

- इकुश्रे

**विषय प्रवेश**

आधुनिक समाजमा ज्ञानको मूल्याङ्कन अब बौद्धिक गहिराइभन्दा कागजको टुक्राले गर्न थालेको छ । मानिस कति जान्दछ भन्ने प्रश्नभन्दा पनि ऊसँग कुन तहको प्रमाणपत्र छ भन्ने प्रश्न निर्णायक बन्न पुगेको छ । विद्यालय, कलेज र विश्वविद्यालयहरू ज्ञान उत्पादन गर्ने थलोभन्दा बढी प्रमाणपत्र वितरण गर्ने कारखानाजस्ता देखिन थालेका छन् । यसै परिवेशमा एउटा गम्भीर प्रश्न उठ्छ–के प्रमाणपत्र नै प्रज्ञाको अन्तिम प्रमाण हो ? कि वास्तविक ज्ञान औपचारिक संरचनाभन्दा बाहिर, स्वाध्ययन र चिन्तनको स्वतन्त्र आकाशमा जन्मिन्छ ?

मानव सभ्यताको इतिहासले स्पष्ट रूपमा देखाउँछ–ज्ञान आर्जनका दुई धारा सधैँ समानान्तर रूपमा बग्दै आएका छन् । एउटा धाराले मानिसलाई सामाजिक संरचनामा उपयोगी बनाउँछ; अर्को धाराले मानिसलाई युगद्रष्टा बनाउँछ । आज हामी पहिलो धारामा अत्यधिक निर्भर हुँदै दोस्रो धारालाई विस्मृत गर्दै गइरहेका छौँ, जसको परिणामस्वरूप हाम्रो शिक्षा प्रणालीले शिक्षा क्रमश: सूचना त दिन्छ, तर दृष्टि दिन असफल हुँदै गएको छ ।

**१. प्राचीन सभ्यतामा स्वाध्ययनको परम्परा**

प्राचीन सभ्यतामा ज्ञान कुनै औपचारिक पाठ्यक्रमको सीमामा बन्द थिएन । हाम्रा ऋषिमुनिहरू न त डिग्रीधारी थिए, न त उनीहरूको ज्ञान कुनै परीक्षाको मापदण्डमा नापिन्थ्यो । उनीहरूको शिक्षा प्रकृतिसँगको सहवास, आत्मअनुशासन र निरन्तर चिन्तनमा आधारित थियो । वेद, उपनिषद् र आयुर्वेदजस्ता ग्रन्थहरू कुनै संस्थागत अनुमोदनका लागि लेखिएका होइनन्; ती त अस्तित्वको रहस्य बुझ्ने दीर्घ साधनाका प्रतिफल हुन् ।

बुद्धको जीवन जिज्ञासा र चिन्तनको जीवन्त उदाहरण हो । दरबार, गुरुकुल र शास्त्रीय शिक्षाबाट विमुख भई उनले मौन, ध्यान र आत्मचिन्तनको मार्ग रोजे । न त उनले उपाधि पाए, न त उनले कुनै पाठ्यपुस्तक लेखे । तर, आज उनको दर्शन विश्वभरका विश्वविद्यालयमा पढाइन्छ । यसले एउटा स्पष्ट सन्देश दिन्छ–संस्थागत शिक्षाभन्दा बाहिर जन्मिएको ज्ञान नै प्राय: दीर्घकालीन हुन्छ ।

**२. वैज्ञानिक चेतनाको प्रारम्भ : प्रश्नबाटै विज्ञान जन्मियो**

वैज्ञानिक इतिहास हेर्दा विद्यालयीय अनुशासनभन्दा जिज्ञासाको भूमिका ठुलो देखिन्छ । ईसा पूर्व तेस्रो शताब्दीका आर्किमिडिजले विस्थापनको सिद्धान्त कुनै प्रयोगशालामा होइन, दैनिक जीवनकै एक साधारण क्षणमा पत्ता लगाए । उनको 'युरेका' वैज्ञानिक इतिहासको प्रतीकात्मक क्षण हो, जसले देखाउँछ–ज्ञान कुनै निर्धारित ठाउँमा मात्र जन्मिँदैन ।

विज्ञानको प्रारम्भिक चरणमा गुरु-शिष्य सम्बन्धभन्दा पनि प्रश्न-अनुभव सम्बन्ध बलियो थियो । मानिसले प्रकृतिलाई अवलोकन गऱ्यो, असन्तुष्ट भयो र पुन: प्रश्न गऱ्यो । यही असन्तुष्टि नै वैज्ञानिक चिन्तनको इन्धन बन्यो ।

**३. ग्यालिलियो र न्युटन : संस्थाभन्दा सत्य ठुलो**

१६ औँ शताब्दीका ग्यालिलियो ग्यालिली औपचारिक शिक्षाका विरोधी होइनन्, तर संस्थागत दम्भका विरोधी थिए । चर्चद्वारा स्वीकृत मान्यतालाई चुनौती दिँदा उनी दण्डित भए, तर सत्यको खोजबाट पछि हटेनन् । ग्यालिलियोको सङ्घर्षले विज्ञान र संस्थाबिचको द्वन्द्व उजागर गऱ्यो ।

न्युटनको उदाहरण झन् गहिरो छ । विश्वविद्यालय बन्द हुँदा उनले 'एकान्त' पाए र त्यही एकान्तले विज्ञानलाई नयाँ दिशा दियो । गुरुत्वाकर्षण, क्यालकुलस र प्रकाश विज्ञान–यी सबै स्वाध्ययन, चिन्तन र आत्मअनुशासनका उपज हुन् । यसले देखाउँछ–कहिलेकाहीँ संस्थाबाट टाढा हुनु नै सृजनशीलताको निकटतम मार्ग हुन्छ ।

**४. औपचारिक शिक्षाबाट बहिष्कृत तर इतिहासमा अमर**

उन्नाइसौँ शताब्दीमा माइकल फेराडे र थोमस एडिसनजस्ता व्यक्तित्वहरू औपचारिक शिक्षाका लागि 'अयोग्य' ठहरिए । तर उनीहरू मानव इतिहास र सभ्यताका लागि 'अनिवार्य' साबित भए ।

फेराडेले विश्वविद्यालय देखेनन्, तर विद्युत् सभ्यताको आधार तयार गरे । एडिसन विद्यालयबाट निकालिए तर आधुनिक जीवनशैली निर्माण गरे । यी उदाहरणहरूले शिक्षा प्रणालीको सीमालाई उजागर गर्छन् । समस्या शिक्षा हुनु होइन, समस्या शिक्षा एकरूप हुनु हो । जब प्रणालीले सबैलाई एउटै मापदण्डमा नाप्छ, तब मौलिकता अपराधजस्तै ठानिन्छ ।

**५. टेस्ला, रामाअनुजन र अन्तर्ज्ञानको विज्ञान**

निकोलस टेस्ला आधुनिक विज्ञानका सबैभन्दा गलत बुझिएका प्रतिभा हुन् । उनको चिन्तन गणनामा होइन, कल्पनामा आधारित थियो । उनको विज्ञान दृश्यभन्दा मानसिक प्रयोगशालामा जन्मिएको थियो ।

त्यस्तै, रामाअनुजन गणितका ती साधक थिए, जसका लागि सूत्र केवल अङ्क थिएनन्, ईश्वरीय अनुभूति थिए । उनको ज्ञान प्रमाणपत्रविहीन थियो, तर अमर थियो । यी उदाहरणले ज्ञान र आध्यात्मिक चिन्तनबिचको सम्बन्धलाई पुन: स्मरण गराउँछन्–ज्ञान केवल सूचनाको संचय होइन, चेतनाको विस्तार हो ।

**६. राइट दाजुभाइ र प्रयोगात्मक स्वाध्ययन**

राइट दाजुभाइले जब उडानको सपना देखे, तब प्रमाणपत्रधारी विज्ञहरूले त्यसलाई असम्भव ठहराए । तर, उनीहरूले गणितभन्दा पहिला प्रकृतिलाई पढे, चरालाई बुझ्न खोजे र असफलतालाई शिक्षक बनाए । त्यही 'प्रयोगात्मक स्वाध्ययन' नै उनीहरूको सबैभन्दा ठुलो डिग्री बन्यो ।

**निष्कर्ष : अब शिक्षा पुनर्विचारको मोडमा**


आज हामी यस्तो मोडमा उभिएका छौँ, जहाँ शिक्षा बढ्दै छ तर बोध घट्दै छ । प्रमाणपत्र थपिँदै छन् तर प्रश्न हराउँदै छन् । यदि यही क्रम जारी रह्यो भने, हामी दक्ष जनशक्ति त उत्पादन गर्नेछौँ, तर दूरदृष्टि सम्पन्न नागरिक होइन ।

स्वाध्ययन कुनै औपचारिक शिक्षाको विकल्प होइन; यो त प्रत्येक व्यक्तिको आत्मा हो । प्रमाणपत्र साधन हुनसक्छ, लक्ष्य होइन । वास्तविक शिक्षा त्यो हो, जसले मानिसलाई प्रश्न गर्न, असहमति जनाउन र आफ्नै बाटो खोज्न सिकाउँछ ।

अबको शिक्षा प्रणालीले एउटा साहसिक निर्णय गर्नुपर्छ–विद्यार्थीलाई 'उत्तर' दिनुभन्दा पहिला 'प्रश्न गर्ने साहस' दिनु । जबसम्म शिक्षा जिज्ञासाको पक्षमा उभिँदैन, तबसम्म प्रमाणपत्रको पर्खालले प्रज्ञाको अनन्त आकाश छेकिरहनेछ ।

# जारशाही संसद्मा बोल्शेभिक सांसद – ४७

● ए. बादायेभ



समूहको समग्र गतिविधि मजदुरहरूको भावनाअनुरूप सञ्चालन हुनेमा जोड दिँदै पेत्रोभ्स्कीले समूहले मजदुर प्रेस, ट्रेड युनियन र शैक्षिक सङ्घसंस्था, बीमा अभियान आदिलाई सहयोग गरेको औँल्याए ।

पेत्रोभ्स्कीले गाभ्रिलोभको घरमा भेला बसेको, मजदुरहरूको प्रेसलाई दमन गरेको अवस्थामा सदनको काम अघि बढाउन समूहले राजनीतिक प्रश्नमा मजदुरहरूको धारणा बुझ्नुपर्ने हुनाले मजदुरहरूको भावना बुझ्न त्यो भेला डाकिएको स्वीकार गरे । उनले भेलामा आएका प्रतिनिधिहरूलाई छलफलका एजेन्डाबारे थाहा नदिएको बताए । काभेनेभलाई पत्रिकाको पुन: प्रकाशनबारे छलफल गर्न बोलाइएको थियो र यो नै छलफलको पहिलो मुद्दा थियो । त्यसपछि छलफल गर्नुपर्ने विषयमा पोलिस स्वायत्तताप्रति हाम्रो धारणा, त्यहाँ सङ्घर्षमा उत्रेका मजदुरका परिवारलाई सहयोग गर्ने आदि थियो । अन्त्यमा युद्धसम्बन्धी सातबुँदे निर्णयबारे छलफल गर्नुपर्ने थियो । तर, प्रहरी हस्तक्षेपले छलफल यही रोकियो । पेत्रोभ्स्कीले रुसी सामाजिक जनवादी मजदुर पार्टीको केन्द्रीय समितिको धारणा अभिव्यक्त गर्ने सात बुँदे दस्तावेज एक अमुक सामाजिक जनवादीबाट प्राप्त गरेको र सदनमा हाम्रो समूहको गतिविधि यसैका आधारमा अघि बढ्नुपर्ने बताएको भने । समूहले सुरुमा यसबारे प्रतिनिधिहरूसँग छलफल गर्नुपर्ने आवश्यकता देख्यो । उनले आफ्नो मन्तव्य टुङ्ग्याउँदै भने, “जनताका हक अधिकारको जोडदार प्रतिरक्षा गर्दा हामीमाथि मुद्दा चलाइयो । मजदुरवर्गको विश्वास प्राप्त गरेको हुनाले र बलबुत्ताले भ्याएसम्म मजदुरहरूका हितको रक्षा गरेको हुनाले हामीलाई निन्दा गरियो । तसर्थ, हामी यो मुद्दालाई सबैभन्दा ठुलो अन्याय मान्छौँ ।”

पेत्रोभ्स्कीपछि मुरानोभ बोले । थोरै बोल्दै उनले पेत्रोभ्स्कीले भनेका सबै कुरामा समर्थन जनाए । समूहको सदस्यका रूपमा मात्र उनी पार्टीमा आबद्ध रहेको उनले थपे । विद्यमान कानुनका अधारमा एक समूहको सदस्य हुँदैमा सांसदमाथि कारबाही गर्न नमिल्ने उनले बताए । उनले भने, “सामाजिक जनवादी समूहका सदस्य हुँदैमा के मुद्दा चलाउन मिल्छ ?”

मैले भनेँ, “पेत्रोभ्स्कीजीले भन्नुभएको कुरामा म पूर्ण सहमत छु । हाम्रा गतिविधिसँग सम्बन्धित सम्पूर्ण प्रश्नमा हामीले आफूलाई मजदुरहरूमा समर्पित गऱ्यौँ, तिनकै विचार बुझ्यौँ र तिनलाई हाम्रा विचार सुनायौँ । हामीले सदनमा प्रश्न उठाउनुपर्थ्यो, विधेयक ल्याउनुपर्थ्यो । यसैका लागि हाम्रा मतदाताहरूको धारणा के छ भनी बुझ्न जरुरी थियो । प्रशासकहरूले हामीलाई आफ्ना मतदातासँग कुरा गर्न दिएन । तसर्थ, हामीले संवादका आफ्नै उपाय खोज्नुपऱ्यो । यी उपाय थिए, मजदुरका प्रतिनिधिहरूसँग बैठक र भेला गर्नु, हामीलाई पठाइने सामग्री र दस्ताबेजको मसिनो जाँचबुझ गर्नु । तलासीको बेला मबाट लिइएका सामग्री सोही प्रकृतिका थिए । मजदुरहरूको अखबारका लागि समूहले सकेको सबथोक गऱ्यो र ओज्योर्कीको भेला मूलत: नयाँ पत्रिका थाल्ने प्रश्नमा केन्द्रित थियो । पत्रिका थाल्नका लागि विभिन्न सहरका प्रतिनिधिहरूको धारणा सुन्नैपर्ने हामीले विचार गऱ्यौँ ।”

मपछि शागोभ बोले । उनले दुई सामाजिक जनवादी समूहले सदनमा सुनाएको संयुक्त वक्तव्यकै दृष्टिकोण आफ्नो पनि रहेको बताए ।

समूहको तर्फबाट इजलासमा बोल्ने अन्तिम वक्ता सामोइलोभ थिए । आफू बिरामी भएर कैयन् महिना विदेशमा बस्नु परेको उनले बताए । नोभेम्बरको सुरुमा सेन्ट पिटर्सबर्ग फर्केपछि आफ्नो अनुपस्थितिमा भएको घटनाक्रम बुझ्ने चाहनाले भेलामा गएको बताए । भोरोनिन मजदुरहरूबिच चर्चित व्यक्तित्व हुनाले उनलाई पनि साथमा लगेको उनले बताए ।

इजलासमा पनि हामीले प्रारम्भिक छानबिनकै नीति अपनायौँ । हामी इजलासलाई भरसक पार्टीको क्रान्तिकारी गतिविधिको कुनै पनि सङ्केत नदिन दृढ रह्यौँ । इजलासले अनेक आशङ्का उठायो । तर, तिनलाई पुष्टि गर्ने प्रमाण थिएन । हाम्रो उद्देश्य इजलासका अधिकारीलाई सघाउनु थिएन । बरु, त्यो सहयोगलाई रोक्न हामीले सकेको सबथोक गऱ्यौँ ।

अन्य आरोपीहरूले यसैगरी आआफ्ना बयान दिए । कामेनेभले प्रारम्भिक छानबिनकै कुरा दोहोऱ्याए । एक पेशेवर पत्रकारको रूपमा मजदुर प्रेसमा काम गरेको हुनाले त्यसमा चासो लिएकोमा उनको जोड थियो । पत्रिका पुन: सुरु गर्ने भनेपछि छलफलका लागि आफू ओज्योर्की पुगेको उनले भने । अभियोगपत्रमा उनको वास्तविक नाम थियो - रोजेफेल्ड । उनले स्वीकार गर्दै कामेनेभ आफ्नो साहित्यिक नाम भएको बताए ।

अन्य आरोपीलाई ल्याउँदै गर्दा बेलाबेला साक्षीहरूको बयान लिने काम पनि चलिरह्यो । मुख्य साक्षीहरू प्रहरी र गुप्त निकायमा मान्छेहरू थिए । उनीहरूले पक्राउको परिस्थितिबारे बताए, पर्चा फेला पारेको र ती सबै तथ्यबारे बोले जसले गर्दा अदालतलाई दण्ड सुनाउनका लागि आधार तयार हुन्थ्यो । विशेष ध्यान मुरानोभको नोटबुक र पेत्रोभ्स्कीको निजी डायरीमा दिइयो ।

मैले अघि चर्चा गरेझैँ युरोल भ्रमणबारे मुरानोभका टिपोटहरूले उनी भूमिगत क्रान्तिकारी गतिविधिमा सहभागी भएको स्पष्ट हुन्थ्यो । त्यसकारण, इजलास अध्यक्षको प्रश्नमा जवाफ दिँदै उनले आफू गैरकानुनी गतिविधिमा संलग्न भएको स्वीकार गरे । उनले स्थानीय समितिका बैठकहरूमा भाग लिएको, मजदुरहरूका सभाहरूको बन्दोबस्त मिलाएको लगायत कुरा बताए । उनले भने, “मैले उनीहरूलाई सङ्गठित हुन भनेँ । ट्रेड युनियन, सहकारी र शैक्षिक सङ्घसंस्था थिए । सामाजिक जनवादीहरूले ती सङ्गठनहरूको समर्थन बटुल्न सकेको सबथोक गर्नुपर्छ भनी जोड दिएँ । यस्ता सङ्गठनहरू निर्माण गर्नुलाई मैले आफ्नो कर्तव्य ठानेँ ।”

फटाफट दुई दिनमै इजलासको काम सकियो र इजलास आफ्नो दोस्रो औपचारिकतामा प्रवेश गऱ्यो । दुवै पक्षका वकिलहरूलाई मन्तव्य राख्न भनियो । ती भाषणले पहिले नै तय भइसकेको फैसलामा अलिकति अन्तर ल्याउने झैँ गरी उनीहरू बोले ।

सरकारी वकिलले पश्चिम युरोपका समाजवादी पार्टीका नेताहरूको प्रशंसा गर्दै कुरा सुरु गरे । युद्ध सुरु भएपछि ती नेताहरू इन्टरनेसनललाई छोडेर आआफ्ना पितृभूमिका देशभक्त रक्षक बनेको उनले बताए । रुसको सामाजिक जनवादी पार्टीले मात्र ‘बुद्धिमानी कुरा’ नसुनेको उनले बताए । युद्ध ऋणको पक्षमा मतदान गर्न अस्वीकार गरेर सदनको सामाजिक जनवादी समूहले ‘सरकारलाई देशका सम्पूर्ण जनताको साथ चाहिएको बेला खुलेआम हात हटाउने’ घोषणा गरेको उनको जिकिर थियो ।

समूहले सामाजिक जनवादी पार्टीको केन्द्रीय समितिको प्रत्यक्ष अधीनमा रहेर क्रियाकलाप गर्थ्यो र केन्द्रीय समितिको निर्देशनमै समूहले युद्धविरोधी क्रान्तिकारी प्रचारतन्त्र विकास गर्न थालेको सरकारी वकिलले तर्क राखे । उनले जोड दिएर ओज्योर्कीमा युद्धविरुद्ध सङ्घर्ष गर्न पार्टीको आगामी रणनीति तय गर्नका लागि महत्त्वपूर्ण पार्टी भेला गरिएको बताए ।

निष्कर्षमा सरकारी वकिलले भने, “आजको मुद्दा यहाँ उपस्थित व्यक्ति र संलग्न विषयवस्तु दुवै दृष्टिले अति महत्त्वपूर्ण छ । हामीले रुसी सामाजिक जनवादी समूह नामक एकदम सुगठित सङ्गठनको सामना गर्दै छौँ । राज्य अहिले सारा बलबुत्ताले बाह्य शत्रुसँग लडिरहेको बेला, पितृभूमिका सपुतहरूले सीमालाई अविराम रगतले सिँचिरहेको यो घडीमा प्रतिवादीहरू भने आफ्नो पार्टी कार्यक्रममा लेखिएका दुईचार अनुच्छेदका निम्ति हाम्रा बहादुर फौजको पिठ्यूँ पछाडि शत्रुसँग हात मिलाउन उद्यत देखिनुहुन्छ । उहाँहरू हाम्रो बहादुर फौजलाई पछाडिबाट छुरा हान्न चाहनुहुन्छ, युद्धमोर्चामा अराजकता ल्याउन चाहनुहुन्छ । तर, अहिले उहाँहरू कठघरामा उभिनुपरेको छ । हाम्रा पराक्रमी योद्धाहरू रणमैदानबाट फर्केका दिन हामी उनीहरूसँग आँखामा आँखा जुधाएर कुरा गर्न चाहन्छौँ र उनीहरूलाई विश्वासघात गर्ने गद्दारहरूलाई हामीले कस्तो व्यवहार गऱ्यौँ भनी सुनाउन चाहन्छौँ ।”

सरकारी वकिलले कुरा राखेपछि प्रतिवादी समूहका वकिलले बोले । उनीहरू क्रान्तिकारीहरूका मुद्दा लडिदिने अनुभव भएका राजनीतिक वकिलहरूको समूहका सदस्य थिए ।

सुरुमा यो समूहले आफ्नो उद्देश्य प्रस्ट पाऱ्यो । मुद्दाको राजनीतिक प्रकृति उद्घाटित गर्ने, मजदुर सांसदहरूको मुद्दा जारशाही सरकारको मनगढन्ते कारबाही हो । प्रहरीको बुटले राजनीतिक स्वतन्त्रता नकुल्चेको देशमा यस्तो मुद्दा लगाउन सम्भव नै छैन - उनीहरूले सुरुमा यो कुरा स्पष्ट पारे । देम्यानोभले भने, “यो मुद्दा ऐतिहासिक महत्त्वको छ । यो कुरा नबिर्सौँ । उपस्थित सदनका पाँच सांसदहरूलाई मजदुर र किसानले छनोट गरेका जनप्रतिनिधि हुनुहुन्छ । उहाँहरूलाई जनताको प्रेम र विश्वास गर्छन् किनभने उहाँहरू पनि उनीहरूकै हाडमासुले बन्नुभएको छ । सदनका कति सांसदहरूले आफूलाई जनताका सच्चा प्रतिनिधि हौँ भनी दाबी गर्नसक्नुहुन्छ ?... प्रतिवादीहरूलाई निन्दाको डर छैन । उहाँहरू धेरै समय निर्वासनमा बस्नुहुनेछैन बरु छिट्टै विजयी भएर फर्किनुहुनेछ । युद्धपछि घर फर्केपछि फौजीहरूले जनतालाई दृढतापूर्वक सोधिरहनेछन् - हामीले चुनेका जनप्रतिनिधिहरू खोइ ? हाम्रा निर्वाचित प्रतिनिधि खोइ ? हामीले माया गर्ने हाम्रा साथीहरू खोइ ?...”

समूहका अर्का सदस्य पेरभेर्जेभले भने, “सजायको फैसलालाई यी चार पर्खालभित्र गोप्य रूपमा गाड्न सकिने छैन । यो कुरा सेन्ट पिटर्सबर्गले मात्र थाहा पाउने पनि होइन । संसदीय उन्मुक्तिलाई उल्लङ्घन गर्न सम्भव होला तर जनताको स्मृतिबाट अन्याय र यो घटनाको गहिरो असरलाई मेट्न असम्भव छ । सबैले बुझेका छन् - सांसदहरूलाई आफ्नो कर्तव्यप्रति इमानदार बनेकोमा निन्दा गरियो । जब कारागारमा उनीहरूका पछिल्तिर ढोका लगाइएला दु:ख र सम्मानले उनीहरूको साथ नछोड्ने उनीहरूले बुझ्नेछन् । यो हाम्रो मात्र भावना होइन ।”

कोकोलोभले हाम्रो संसदीय समूहका सदस्यहरू मात्र मजदुरवर्गका सच्चा प्रतिनिधि भएकोमा जोड दिए । उनले भने, “अहिले पाँच सांसदहरू कठघरामा हुनुहुन्छ । उहाँहरू सबैलाई मजदुरवर्गले मत दिएर सदनमा पठाएको थियो । उहाँहरूलाई मजदुर जनप्रतिनिधि मान्नुपर्ने पूर्ण अधिकार छ । उहाँहरू सबैजना सामाजिक जनवादी हुनुहुन्छ । मजदुरवर्गले सामाजिक जनवादीहरूलाई अहिलेसम्मका चारैवटा राज्य ड्युमामा पठाएको छ । रुसका मजदुरहरूले लगातार सामाजिक जनवादीहरूलाई आफ्नो प्रतिनिधि रोजे । रुसका सामाजिक जनवादीहरूले यो देशमा अन्य राजनीतिक घटकहरूले जस्तो प्रेस स्वतन्त्रताको हक पाएका छैनन् ।”

आन्तिपोभका वकिल कुचिनले रुसको सामाजिक परिवेशबारे बोले । उनले भने, “यहाँ जनताका प्रतिनिधिहरूले खुलेर आफ्ना मतदातालाई भेट्न पाउँदैनन् । बरु यसको लागि उनीहरूले चोरले जस्तो सुनसान घरको शरण लिनुपर्छ, झ्याललाई कम्मलले ढाकेर लुक्नुपर्छ । यहाँ गुप्त प्रहरीका सुराकीहरूले चर्को स्वरमा जनताका प्रतिनिधिलाई गालीगलौज गर्ने धृष्टता गर्छन् । यही हो देशको सामाजिक परिवेश ।” उनले भने, “प्रतिवादीहरू कठघराका उभिनुमा यसको दोष छ ।”

अर्का वकिलले पनि यस्तै शब्दमा यो मुद्दाको अपार सामाजिक महत्त्वबारे चर्चा गरे । अक्सर उनीहरूले यी कुराको सङ्केत मात्र गरिरहे । तैपनि यसबाट इजलास अध्यक्ष चिढिन्थे र बिचबिचमा तिनलाई रोक्दै ‘बढी सान्दर्भिक सवाल’ मा बोल्न आग्रह गर्थे ।

सजायलाई सकेसम्म घटाउनु हाम्रा वकिलहरूको दोस्रो उद्देश्य थियो । यसका लागि उनीहरूले हामी अनुकूल व्याख्या गर्न आपराधिक देखिने दस्ताबेजहरूको मसिनो जाँचबुझ गरे । उनीहरूले हामीमाथि सरकारी वकिलले लगाएको ‘देशद्रोह’ को आरोप खण्डन गर्न निकै मेहनत गरे । ओज्योर्कीमा उपस्थित मानिसहरूको सङ्ख्या हेर्दा त्यसलाई कसैगरी पनि पार्टी भेला भन्न नमिल्ने बरु सांसदसँग केही मजदुरहरूको सरसल्लाह भन्न मिल्ने उनीहरूको जोड थियो । अन्त्यमा हाम्रो वकिल समूहले केही कानुनी तर्कहरू बनायो । तिनै तर्कको आधारमा उनीहरूले अभियोगपत्रको खण्डन अघि सारेका थिए ।

हाम्रा वकिलहरूको मन्तव्यसँगै बहसको सत्र टुङ्गियो । अब थियो फैसलाको घडी । इजलासको यो चौथो दिन थियो । अदालतमा पहिलो दिनको भन्दा बढी भीड लागेको थियो । नाटकको अन्तिम अध्याय कसरी टुङ्गिएला भनेर सबैले रुचिका साथ पर्खिरहेका थिए ।

पूरै दिन अनेक औपचारिकतामै बित्यो । इजलाससामु प्रश्न, हाम्रा वकिलको संशोधन, सरकारी वकिलको आपत्ति आदिमा दिन सकियो । साँझ ८ बजे न्यायाधीशहरूले फैसलामा पुनर्विचार गर्न अस्वीकार गरे । अदालतमा बसेका जिज्ञासुहरूको आस पलायो । नातागोता र साथीसङ्गतीहरू आफ्ना भाइसाथीको मायाले चिन्तित थिए । बाँकी अरु यो इजलास र यसले सुनाउने सजायको ठुलो ऐतिहासिक महत्वबारे सचेत थिए ।

अन्तत: अदालतभित्र एक हुल प्रहरी पसे । तिनीहरू गल्लीभरि छरिए र आएका सबैलाई हेरे । यति धेरै सावधानी अपनाउँदा अपनाउँदै सरकार कतै विरोध प्रदर्शन हुने त होइन भनी डराइरहेको थियो । तीन घण्टा बित्यो । हाम्रा वकिलहरू अघिल्तिर बसे । उनीहरूले हामीलाई जे पनि हुनसक्ने हुनाले तयार रहन सुझाव दिए । उनीहरूले भने, “सजाय अत्यन्त कठोर हुनसक्छ । यहाँ कानुनी प्रमाणले केही नाप्दैन । बरु, सरकारले के आदेश दिएको छ भन्ने कुराले सबथोक निर्धारण हुन्छ । हामी जस्तोसुकै फैसलाका लागि तयार रहनुपर्छ ।”

अन्त्यमा कोठामा न्यायाधीशहरूको प्रवेश भयो । तनावपूर्ण मौनताबिच क्राशेनिनिकोभले फैसला सुनाए ।

पेत्रोभ्स्की, मुरानोभ, शागोभ, सामोइलोभ र मसँगै कामेनेभ, याकोभ्लेभ, लिन्दे र भोरोनिनलाई दोषी ठहर गरियो । साथै, दफा १०२ को उपदफा २ अनुसार हामीलाई सजाय सुनाइयो । सजाय थियो - नागरिक अधिकार खोस्ने, टाढा कालापानीमा निर्वासनमा पठाउने र सर्वस्व हरण गर्ने । श्रीमती गाभ्रिलोभ र आन्तिपोभलाई दफा १३६ उपदफा २ अनुसार प्रशासनलाई जानकारी नदिएकोमा दोषी ठहऱ्याइयो । श्रीमती गाभ्रिलोभलाई एक किल्लामा एक वर्ष ६ महिना कारावास सजाय सुनाइयो भने आन्तिपोभलाई त्यसमै आठ महिनाको प्रारम्भिक थुनाको सजाय थपियो । प्रमाणको अभावमा कोज्लोभलाई सफाइ दिइयो ।

मुद्दा टुङ्गिँदा करिब मध्यरात भइसकेको थियो । अदालतबाट निस्किने अँध्यारो गल्लीको बाटो हुँदै हामीलाई कारागार लगियो । अब लामो समय भेट नहुने सोचेर हामीले आपसमा बिदावारी लियौँ । जारशाही अधिकारीहरूका तौरतरिकासँग परिचित हुनाले हामीलाई फरक स्थानमा फरकफरक समयमा लिने सोच्यौँ । फलामको सिँढीमा चढ्दै गर्दा हामीले आपसमा अङ्कमाल गऱ्यौँ र हाँसीखुसी एकअर्कालाई बिदा गऱ्यौँ । हामीले निर्वासनको बेला धैर्य जोगाइराख्ने कामना गऱ्यौँ ।

भोलिपल्ट हामीलाई कठोर श्रमशिविरमा हालियो । हामीलाई सारा सम्पत्ति र नागरिक अधिकारबाट वञ्चित गरियो । खासमा हामीमध्ये कसैसँग पनि ‘सम्पत्ति’ नामको कोही थिएन । हामीसँग कारागारमा जे थियो, हामीसँग त्यत्ति मात्र खोस्न मिल्थ्यो । छिट्टै हामीबाट ती सबै हरण गरियो । तर, ‘नागरिक अधिकार गुमाउने’ सजाय अर्कै थियो । जारशाही विधानअनुसार बन्दी एक परित्यक्त थियो । सुरक्षाको कुनै अधिकार नभएको परचक्री जस्तो व्यवहार गरिन्थ्यो उसलाई । बन्दी एक यस्तो प्राणी थियो, जसलाई सबैभन्दा क्रूर जेलरले पनि आफूखुसी व्यवहार गर्नसक्थ्यो ।

हामीलाई डिपोमा लगियो र अपराधीको पोशाक दिइयो । बन्दी जीवनमा हामीले त्योबाहेक अर्को लुगा लगाउन पाएनौँ । चिसो छल्न दिइएको लबेदा कलेटी परेको थियो । फोहोरबाहेक त्यसमा पिप र रगतका टाटा जमेको थियो । यी लुगाले धेरै पुस्ताका बन्दीको आङ ढाकेका थिए । प्रत्येक लुगाले चिच्याइचिच्याइ अघिल्ला बन्दीहरूको पीडा सुनाइरहेको थियो भने सँगै पछि आउने दिनको चेतावनी पनि दिइरहेको थियो ।

लुगा लगाएपछि हामीलाई भित्रैदेखि बन्दीको नयाँ जीवन महसुस भयो । त्यो क्षण हामीले के मात्र सोचिएन, विचारको हुन्डरी नै मच्चियो ! हामीले धेरै पहिलेदेखि ढिलोचाँडो यो क्षण आउँछ भनेर महसुस गर्दै आएका थियौँ । मजदुरवर्गले हामीलाई एउटा अतुलनीय सङ्घर्षको अग्रमोर्चामा पठाएको थियो । सरकार हामीलाई व्यक्तिगत तवरमै नष्ट गर्न लालायित थियो । हाम्रा प्रत्येक पाइलाले हामीलाई यतै धकेल्दै थिए । अहिले वर्षौंसम्म गतिविधि गरेपछि पुरस्कार पाएझैँ यो क्षण आएको थियो ।

तर, यी विचारसँगै अन्य विचारको लस्कर पनि लाग्यो - मजदुर आन्दोलनको भविष्य के हुने हो ? आन्दोलनले अझ कस्ता कस्ता परीक्षा छिचोल्नुपर्ने हो ? अब हाम्रो पार्टीको गतिविधि कसरी अगाडि बढ्ला ? सङ्गठनको अब अलग्गै सञ्जाल बनाउन आवश्यक थियो । यो कसरी गरिएला ? बाधा अवरोध कसरी पन्छाइला ?

बन्दी पोशाकसँगै आयो कठोर श्रम, रुखो व्यवहार, कडा बोली पहरेदारहरूको चर्को स्वर आदि । यसको कुनै उपचार थिएन । हामी अनागरिक थियौँ र रक्षाका लागि हारगुहार गर्न जाने कुनै ठाउँ थिएन ।

बन्दी बन्नेबित्तिकै मैले सदनमा गतिविधि गर्दा ममाथि लगाइएका मुद्दाहरूलाई पालैपालो ब्युँताउन थालियो । सेन्ट पिटर्सबर्गका मजदुरहरूले गर्ने प्रत्येक क्रान्तिकारी सङ्घर्षपछि सरकारी अधिकारीहरूले ममाथि अभियोग लगाउँथे । कुनै न कुनै दिन जेलमा हिसाब मिलाउने गरी उनीहरू त्यसो गर्थे ।

‘प्राभ्दा’ मा लेख लेखेको, पुतिलोभ कारखानाको काण्ड, पारभायनिन कारखानाको चिहानको भाषण, रेलका मजदुरहरूलाई सम्बोधन गरेका लगायत मविरुद्ध विभिन्न अभियोग लगाइएका थिए ।

ममाथि कानुनका अनेक दफा उपदफा ठोकेर मुद्दा हालिएको थियो । अब ती सबै मुद्दा ब्युँताउने तयारी चल्यो । विद्यमान कानुनअनुसार ससाना सजायहरू ठुला सजायमै जोडिन्थे । मलाई बन्दीको पोशाकमा देख्दा अनुसन्धान अधिकृत सन्तुष्ट भयो । आफ्नो ‘मेहनत’ खेर नगएकोमा ऊ मनमनै खुसी थियो !

धेरै महिना सेन्ट पिटर्सबर्गको कारागारमा बिताएपछि हामीलाई टाढाको साइबेरिया अड्डासार गरियो । पहिले बन्दी रेलमा, पछि डुङ्गा हुँदै अन्त्यमा पैदल हिँडाएर हामीलाई तुरुखान्स्क जिल्ला पुऱ्याइयो । हावापानी र जीवनस्तरका हिसाबले यो जिल्ला सबैभन्दा गएगुज्रेको थियो । निर्वासितहरूको आँखाबाट तुरुखान्स्क एउटा अन्धकुप थियो । एक यस्तो जाल, जहाँबाट कोही पनि भाग्न सक्दैनथ्यो । त्यो बेला हाम्रो बोल्शेभिक केन्द्रीय समितिको रुसी ब्युरोका सबै सदस्यहरू त्यहाँ जम्मा हुनु कुनै संयोग थिएन । ***(टिपोट :** त्यसबेला तुरुखान्स्कमा निर्वासित हुनेहरूमा कामरेड स्वेर्दलोभ, स्तालिन, स्पोन्दार्यान, गोलोश्चिोकिनलगायत पार्टीका धेरै अगुवाहरू हुनुहुन्थ्यो ।)*

अन्तत: जारशाही सरकारले सदनको समग्र बोल्शेभिक समूहलाई ध्वस्त पारेको थियो । मजदुरवर्गका सङ्घ सङ्गठन निमिट्यान्न पार्ने उसको अभियान पूरा भएको थियो । मजदुर सांसदहरूलाई जेलनेल ठोकेर जारशाही सरकारले अब रुसका समस्त सर्वहारा जनतालाई सिक्रीले बाँध्ने तरखर गर्न थाल्यो ।

तर, सरकारको हिसाबकिताबमा कहीँ गडबडी भयो । रक्तपिपासु निकालेसको सरकारले क्रान्तिकारी आन्दोलनलाई कुरा त परै भयो, उसले बन्दीहरूलाई समेत क्रान्तिकारी गतिविधि गर्नबाट रोक्न सकेन । साइबेरियामा बन्दी अवस्थामा समेत हामीले हाम्रो क्रान्तिकारी सङ्घर्षलाई जारी राख्यौँ ।

जारशाही सरकारले मजदुर सांसदहरूलाई अझ बढी दण्ड दिने तयारी गरिरह्यो । येनिसाइस्कमा निर्वासन भोगिरहेका कामरेड पेत्रोभ्स्कीलाई अझ टाढा याकुतिया पठाउने फर्मान जारी भयो । ‘निर्वासित र स्थानीय जनताबिच पराजयवादी समूहहरू गठन गरेको’ हुनाले सरकार मविरुद्ध खनियो । अझ कडा सजाय दिने धम्की दिइयो । यो योजना पूरा गर्न सरकारसँग समय थिएन । यत्तिकैमा फेब्रुअरी क्रान्ति आइपुग्यो ।

टाढा साइबेरियाको निर्वासनमा क्रान्तिको ज्वारभाटाको झन्झन् ठुलो गर्जन सुनेर हामी खुसी हुन्थ्यौँ । मजदुरवर्ग फेरि एकपल्ट क्रान्तिको मैदानमा पस्यो । दिनप्रतिदिन उसका मागहरूको स्वर झन्झन् चर्को भयो । मजदुरहरूले सङ्गठनको पुन: संरचना गर्दैगर्दा उनीहरूले आफ्नो बोल्शेभिक समूहलाई बिर्सेनन् । हाम्रो मुद्दा चलेको एक वर्ष पुगेको दिन रुसभरि हडताल भयो । प्रत्येक सभा र बैठकमा मजदुरवर्गले आफ्ना मूल मागहरू राख्दै गर्दा सांसदहरूको रिहाइको मागलाई पनि दोहोऱ्याइरहे । सन् १९१७ फेब्रुअरीका ऐतिहासिक दिनहरूमा जब सेन्ट पिटर्सबर्गका मजदुरहरूले सहरका सडकहरूमा नियन्त्रण जमाए, रिहाइको नारा तब पनि गुञ्जिरहेको थियो ।

फेब्रुअरी क्रान्तिले कारागारका ढोकाहरू खोल्यो र जारशाहीका बन्दीहरूका सिक्री र नेल छिनाल्यो । मुक्त भएका हजारौँ क्रान्तिकारीहरू साइबेरियाली बाटो हुँदै फर्किन थाले । बाटोमा पर्ने गाउँबस्ती र रेल स्टेसनमा मजदुर सांसदहरूलाई जनताले क्रान्तिकारी गीत गाएर स्वागत गरे । हाम्रो यात्राको क्रममा ठाउँठाउँमा क्रान्तिकारी सभाहरू आयोजना गरियो ।

सन् १९१७ मार्च महिनाका अन्तिम दिनहरूमा हामी पुन: सेन्ट पिटर्सबर्ग क्रान्तिकारी मजदुरहरूबिच पुग्यौँ । निरङ्कुश जारशाहीका बलियो किल्लाहरूमा आक्रमण गरेपछि बोल्शेभिकहरूको खारिएको नेतृत्वमा यी मजदुरहरूले पुँजीवादलाई सदाका लागि उखेल्ने आफ्नो सङ्घर्ष सुरु गरिसकेका थिए ।

XXX

विश्वयुद्धभन्दा अगाडिका वर्षहरूमा मजदुर आन्दोलन अतुलनीय ढङ्गले बढेको र फैलेको थियो । यसले अक्टोबरका महान् लडाइँहरूको तयारीमा ठुलो भूमिका खेलेको थियो ।

सन् १९०५ को क्रान्ति, युद्धअघिका वर्षहरूको पुनर्जीवन र फैलाव, फेब्रुअरी क्रान्ति र अन्तत: अक्टोबर क्रान्ति रुसी मजदुरहरूको क्रान्तिकारी सङ्घर्षका चार चरण हुन् । यिनै चार ठुलो पाइला चालेर मजदुरवर्ग सर्वहारा क्रान्तिको अन्तिम विजयसम्म पुगेको थियो ।

***समाप्त***




भारतको झारखण्ड राज्यको एक जिल्ला सदरमुकाममा नरेन्द्र मोदी नेतृत्वको केन्द्र सरकारले ल्याएका मजदुर, किसान र बेरोजगार युवाविरोधी विधेयकहरूको विरोधको क्रममा विधेयकका नक्कलहरू जनाउँदै किसान कार्यकर्ताहरू २० डिसेम्बर २०२५ का दिन । आवधिक रोजगारमा केन्द्रित मनरेगा परियोजना खारेज गर्ने तथा उद्योग प्रतिष्ठानमा मजदुरहरूको हायर र फायरको अधिकार प्रदान गर्ने श्रम ऐन ल्याउने मोदी सरकारको कदमविरुद्ध भारतव्यापी विरोध कार्यक्रम चलिरहेका छन् ।

*तस्बिर : सीपीआईएम झारखण्डको फेसबुक पेजबाट*

# गाजा क्षेत्रमा १६ लाख मानिस गम्भीर खाद्य सङ्कटको जोखिममा

गाजा, ५ पुस (सिन्ह्वा) । संयुक्त राष्ट्र महासचिव एन्टोनियो गुटेरेसले गाजा क्षेत्रमा करिब १६ लाख मानिस गम्भीर खाद्य अभाव र कुपोषणको उच्च जोखिममा रहेको चेतावनी दिनुभएको छ । उहाँले शुक्रबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै बताउनुभयो, "हालको परिस्थितिमा अकाल केही हदसम्म टालिएको छ र धेरै मानिसहरूले जीवित रहन आवश्यक खाना प्राप्त गर्न सक्षम भएका छन् ।" संयुक्त राष्ट्र र उसका साझेदार संस्थाहरूले दैनिक रूपमा लाखौँ मानिसलाई तातो भोजन उपलब्ध गराइरहेका छन् र सम्पूर्ण गाजामा खाद्य सहायता वितरण गरिरहेका छन् ।

महासचिव गुटेरेसले भन्नुभयो," स्वच्छ पानी थप समुदायसम्म पुग्न थालेको छ, केही स्वास्थ्य सेवा केन्द्रहरू पुन: सञ्चालनमा आएका छन् ।" उहाँले यस सुधारको श्रेय मानवीय कामदार, सदस्य राष्ट्र र नागरिक-सैन्य समन्वय केन्द्रबिचको सहकार्यलाई दिनुभयो । तर उहाँले सावधानीका साथ यी उपलब्धिहरू अझै नाजुक छन् र जोखिमपूर्ण अवस्थामा रहेको उल्लेख गर्नुभयो ।

गुटेरेसका अनुसार अक्टोबरदेखि संयुक्त राष्ट्र सङ्घले सेवा निरन्तर सञ्चालनमा राख्ने प्रयास गरिरहेको छ, तर आवश्यकताहरूको वृद्धि सहयोगको क्षमताभन्दा छिटो भइरहेको छ । महासचिवले दीर्घकालीन युद्धविराम आवश्यक भएको र थप प्रवेश नाका खोल्ने, अत्यावश्यक सामग्रीमाथि लगाइएको प्रतिबन्ध हटाउने, प्रशासनिक झन्झट कम गर्ने, गाजाभित्र सुरक्षित आवागमन सुनिश्चित गर्ने, दीगो वित्तीय सहयोग सुनिश्चित गर्ने र अवरोधरहित मानवीय पहुँच प्रदान गर्ने आवश्यकता औँल्याउनुभयो ।

त्यसैगरी, उहाँले पश्चिमी किनारामा पनि अवस्था संवेदनशील रहेको र त्यहाँ प्यालेस्टिनीहरूले बढ्दो हिंसा, जमिन कब्जा, घर भत्काइ र कडा आवागमन प्रतिबन्धको सामना गरिरहेको बताउनुभयो । उहाँले कब्जामा रहेका प्यालेस्टिनी भूभाग, पूर्वी यरूशलेमसहित, अन्तर्राष्ट्रिय कानुन, मानवीय कानुन र मानवअधिकार कानुनको पूर्ण पालना हुनुपर्नेमा जोड दिनुभयो ।

महासचिव गुटेरेसले अन्तर्राष्ट्रिय न्यायालयको सन् २०२५, अक्टोबर २२ को सल्लाहात्मक मतको स्मरण गर्दै भन्नुभयो, "इजरायलले मानवीय सहायता सहज रूपमा प्रवेश गराउने, संयुक्त राष्ट्रसँग सहकार्य गर्ने र सशस्त्र द्वन्द्वको अवस्थामा समेत संयुक्त राष्ट्र र उसका कर्मचारीको अधिकार र सुरक्षा सम्मान गर्नुपर्छ । यी दायित्वहरू बाध्यकारी छन् र तुरुन्त कार्यान्वयन हुनुपर्छ । यो सङ्कट मानवीय निर्णयबाट उत्पन्न भएको हो, र राजनीतिक इच्छाशक्ति भएमा यसको समाधान सम्भव छ ।"

# सिरिया-इराक क्षेत्रमा अमेरिकी कारबाही तीव्र, ७० भन्दा बढी लक्ष्यमा आक्रमण

वासिङ्टन, ५ पुस (एएफपी) । अमेरिकी सेनाले शुक्रबार सिरियामा ७० भन्दा बढी इस्लामिक राज्य समूहका लक्ष्यमा आक्रमण गरेको छ । अमेरिकी राष्ट्रपतिले यसलाई 'धेरै गम्भीर प्रतिशोध' भएको दाबी गरे । गत सप्ताहअन्तमा भएको आक्रमणमा तीन अमेरिकीको मृत्यु भएको थियो ।

वासिङ्टनका अनुसार, पाम्यारा शहरमा भएको आक्रमण एकल आक्रमणकारीले गरेको थियो । पाम्यारा युनेस्को सूचीमा सूचीकृत प्राचीन भग्नावशेषको लागि प्रसिद्ध छ र पहिले जिहादी लडाकूहरूको नियन्त्रणमा रहेको थियो । उक्त आक्रमणमा दुई अमेरिकी सैनिक र एक अमेरिकी नागरिकको मृत्यु भएको थियो ।

यसको जवाफमा, अमेरिकी सेनाले 'सिरियाका विभिन्न स्थानमा युद्धपोत, आक्रमण हेलिकोप्टर र तोपखानाको प्रयोग गरी ७० भन्दा बढी लक्ष्यमा हमला गरेको' सेन्ट्रल कमाण्डले जनाएको छ ।

सेन्ट्रल कमाण्डका अनुसार, 'सञ्चालनमा सयभन्दा बढी सटीक हतियार प्रयोग गरेर आतङ्कवादी पूर्वाधार र हतियार भण्डारमा लक्षित गरिएको' थियो ।

राष्ट्रपतिले आफ्नै सामाजिक सञ्जालमा लेख्नुभयो, "अमेरिका जिम्मेवार आतङ्ककारीहरूमा गम्भीर प्रतिशोध गरिरहेको छ ।"

सेन्ट्रल कमाण्डले पाम्यारा आक्रमणपछि अमेरिकी र साझेदार सेनाले सिरिया र इराकमा १० वटा अभियान सञ्चालन गरेका छन्, जसमा २३ आतङ्ककारी मारिएका वा पक्राउ परेका छन् ।

सिरियाको विदेश मन्त्रालयले शुक्रबारको आक्रमणमा सिधा टिप्पणी नगरे पनि सामाजिक सञ्जालमा पोष्ट गर्दै भनेको छ, "देश आतङ्कवादी समूहसँग लड्न प्रतिबद्ध छ र सिरियामा कुनै सुरक्षित ठाउँ नहोस् भनेर अभियान जारी राख्नेछ ।"

पाम्यारा आक्रमणमा मारिएका अमेरिकीहरू आइओवा राज्यको राष्ट्रिय गार्डका सर्जन्ट विलियम होवार्ड र एडगर टोरेस टोवार र मिशिगनका नागरिक अयाद मन्सूर साकात हुन् । उहाँ अनुवादकको रूपमा कार्यरत थिए ।

यो आक्रमण लामो समयदेखि सत्तामा रहेका बशर अल-असदको पदच्युतपछि पहिलो घटना हो । गृह मन्त्रालयका प्रवक्ता नुरुद्दिन अल-बाबा अनुसार, आक्रमण गर्ने व्यक्ति सुरक्षा बलको सदस्य थियो र आफ्नो चरम इस्लामवादी विचारका कारण हटाइने तयारीमा थियो ।

आईएससँग लड्न अमेरिकी सेनाका कर्मचारीहरूले 'आतङ्कवादी विरोध अभियान' मा सहयोग गरिरहेका थिए । सन् २०१४ मा आईएसले सिरिया र इराकमा ठूलो भू-भाग कब्जा गरेको थियो ।

जिहादीहरू अन्तत: स्थानीय भूमि सेनाले अन्तर्राष्ट्रिय हवाई आक्रमणको सहयोगमा पराजित भए पनि आईएस अझै सिरियामा सक्रिय छ । हाल अमेरिकी सेनाहरू सिरियाको कुर्द नियन्त्रण क्षेत्रमा र जोर्डन सिमानामा रहेका अल-तान्फमा तैनाथ छन् ।

# युद्धविराम सम्झौताको बाबजुद गाजामा इजरायली आक्रमण जारी

गाजा, ५ पुस (क्यूएनए) । गत अक्टोबरदेखि युद्धविराम सम्झौता लागु भए तापनि इजरायली कब्जामा रहेको सेनाले गाजापट्टीको उत्तरी र दक्षिणी क्षेत्रलाई लक्षित गरी निरन्तर आक्रमण गरेको जनाइएको छ ।

प्यालेस्टिनी समाचार एजेन्सी (डब्लुएएफ) ले गाजा सहरको पूर्वका क्षेत्रहरूमा भवनहरू ध्वस्त, तोपखानाको गोलाबारी र कब्जा हेलिकप्टरहरूद्वारा निरन्तर गोलीबारी भइरहेको देखेको रिपोर्ट गरेको छ ।

गाजापट्टीको दक्षिणी भागमा खान युनूसको पूर्वका क्षेत्रहरूमा पनि कब्जा गरिएका सवारी साधनहरूबाट निरन्तर गोलीबारी भइरहेको जनाइएको छ ।

गाजा सहरको पूर्वमा रहेको अल-तुफाहमा विस्थापित परिवारलाई शरण दिइरहेको शिक्षा मन्त्रालयको प्रशिक्षण केन्द्रमा इजरायली कब्जाले गोलाबारी गरेपछि शुक्रबार ६ जना प्यालेस्टिनीहरूको मृत्यु भएको जनाइएको छ ।

## विश्व सङ्क्षेप

# ड्रोन प्रविधि विस्तारका लागि रूसमा जनशक्ति अभाव

मस्को, ५ पुस (सिन्ह्वा) । रूसलाई ड्रोन क्षेत्रमा करिब ४४ हजार दक्ष तथा विशेष तालिमप्राप्त जनशक्तिको आवश्यकता रहेको रूसी उद्योग तथा व्यापार मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार पछिल्ला दुई वर्षमा १९ हजारभन्दा बढी जनशक्तिलाई यस क्षेत्रमा तालिम दिइसकिएको छ ।

उद्योग क्षेत्रको माग पूरा गर्न र उच्च सीप भएका ड्रोन सञ्चालक आकर्षित गर्न सरकारले सम्बन्धित औपचारिक शैक्षिक योग्यता नभएका नागरिकलाई पनि नागरिकस्तरका प्रमाणपत्र प्राप्त गर्ने अनुमति दिएको मन्त्रालयले स्पष्ट पारेको छ ।

मन्त्रालयका अनुसार ड्रोन तथा स्वचालित प्रणालीको विकासलाई तीव्र बनाउने उद्देश्यले औद्योगिक प्रतिष्ठान, साना प्रविधि कम्पनी, साथै नागरिक आविष्कारक र विकासकर्ताका प्रयासलाई एकीकृत गरिएको छ ।

# कोलम्बियाको सैन्य बेसमा आक्रमण ७ सैनिकको मृत्यु, ३० घाइते

बोगोटा, ५ पुस (सिन्ह्वा) । कोलम्बियाको उत्तरपूर्वी शहर अगुआचिकामा रहेको एक सैन्य बेसमा विद्रोही समूहले गरेको आक्रमणमा कम्तीमा सात जना सैनिकको मृत्यु भएको छ भने ३० जना घाइते भएका छन् ।

सेनाका अनुसार उक्त आक्रमण नेशनल लिबरेसन आर्मी (ईएलएन) ले ड्रोन प्रयोग गरी गरेको हो । सेनाले यसलाई 'आतङ्कवादी हमला' को संज्ञा दिँदै यसले सर्वसाधारणको ज्यान जोखिममा पार्नुका साथै मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गरेको जनाएको छ ।

कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रोले सामाजिक सञ्जाल एक्समार्फत प्रतिक्रिया दिँदै उन्नत एन्टी-ड्रोन प्रणालीको अभावका कारण यस्तो घटना भएको बताउनुभएको छ । उहाँले अवैध सशस्त्र समूहका यस्ता आक्रमण रोक्न तत्काल आवश्यक एन्टी-ड्रोन प्रणाली खरिद गर्ने आदेश दिएको जानकारी दिनुभयो ।

यसैबिच, सैनिक बलका प्रमुख कमाण्डर जनरल फ्रान्सिस्को कुबिदेसले ईएलएनका आतङ्कवादी गतिविधिविरुद्ध गुप्तचर सङ्कलन तथा सैन्य कारबाहीलाई थप सुदृढ गरिने बताउनुभएको छ ।

# मानवीय र आर्थिक पुनर्निर्माणमा श्रीलङ्कालाई आईएमएफको सहायता

कोलम्बो, ५ पुस (सिन्ह्वा) । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को कार्यकारी बोर्डले शुक्रबार श्रीलङ्काका लागि दुई करोड ६ लाख अमेरिकी डलरको आपत्कालीन वित्तीय सहायता स्वीकृत गरेको छ । आईएमएफका अनुसार यो सहयोग 'रैपिड फाइनान्सिङ इन्स्ट्रुमेन्ट' अन्तर्गत प्रदान गरिएको हो, र यो श्रीलङ्काको कोटा रकमको करिब २६ प्रतिशत बराबर छ ।

आईएमएफका उप-प्रबन्धक र कार्यवाहक अध्यक्ष केन्जी ओकामुराले बताउनुभयो, "यसले श्रीलङ्कामा तत्कालै मानवीय र पुनर्निर्माण आवश्यकताहरू व्यवस्थापन गर्न मद्दत गर्नेछ, जसले राजकोषीय दबाब र भुक्तानी सन्तुलनसम्बन्धी चुनौतीहरू कम गर्ने अपेक्षा गरिएको छ ।"

ओकामुराले आपतकालको समयमा छिटो प्रतिक्रिया देखाएको श्रीलङ्काली सरकारको प्रशंसा गर्दै भन्नुभयो, "आईएमएफ यस कठिन परिस्थितिमा श्रीलङ्काली जनतासँग खडा छ र भविष्यमा पनि देशको पुनर्निर्माण र आर्थिक सुधार प्रयासमा समर्थन जारी राख्नेछ ।

# सुडानमा संयुक्त राष्ट्रका शान्ति सैनिकमाथि भएको आक्रमणको सुरक्षा परिषद्द्वारा कडा निन्दा

संयुक्त राष्ट्र, ५ पुस (सिन्ह्वा) । संयुक्त राष्ट्र सुरक्षा परिषद्ले सुडानमा संयुक्त राष्ट्रको रसद केन्द्रमाथि गरिएको विस्फोटक आक्रमणको कडा शब्दमा निन्दा गरेको छ । उक्त आक्रमणमा बङ्गलादेशका ६ जना शान्ति सैनिकको मृत्यु भएको थियो भने ९ जना घाइते भएका थिए ।

शुक्रबार जारी गरिएको वक्तव्यमा सुरक्षा परिषद्का सदस्यहरूले दिवङ्गत शान्ति सैनिकका परिवारप्रति तथा बङ्गलादेश सरकार र जनताप्रति गहिरो समवेदना व्यक्त गरेका छन् । साथै, घाइते सैनिकहरूको शीघ्र र पूर्ण स्वास्थ्यलाभको कामना गरिएको छ ।

गत शनिबार सुडानको दक्षिण कोर्डोफान प्रदेशअन्तर्गत काडुग्ली क्षेत्रमा उक्त आक्रमण भएको हो । परिषद्का सदस्यहरूले संयुक्त राष्ट्रको रसद केन्द्र र अबिएई क्षेत्रमा तैनाथ शान्ति सैनिकमाथि गरिएको योजनाबद्ध आक्रमणलाई अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लङ्घन भएको बताएका छन् । परिषद्को ठहरअनुसार यसले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा गम्भीर खतरा उत्पन्न गरेको छ ।

सुरक्षा परिषद्ले शान्ति सैनिकलाई लक्षित गरी गरिएका सबै प्रकारका आक्रमण तथा उक्साहटको कडा भर्त्सना गर्दै दोषीलाई ढिलाइ नगरी कारबाही गर्न माग गरेको छ ।

परिषद्का सदस्यहरूले शान्ति सैनिकमाथि गरिने आक्रमण अन्तर्राष्ट्रिय कानुनअनुसार युद्ध अपराध मानिन सक्ने स्पष्ट पारेका छन् । साथै, घटनाको शीघ्र अनुसन्धान गर्न र सैनिक योगदान गर्ने देशलाई अनुसन्धानको प्रगतिबारे जानकारी गराउन संयुक्त राष्ट्र सङ्घलाई आग्रह गरिएको छ ।

त्यसैगरी, परिषद्ले सुडान र दक्षिण सुडानका सम्बन्धित निकायलाई संयुक्त राष्ट्र सङ्घका भवन, कर्मचारी तथा शान्ति सैनिकको सुरक्षा सुनिश्चित गर्न आवश्यक सबै उपाय अपनाउन आग्रह गरेको छ ।

# इन्जिनियरिङ विधामा अनुसन्धानको महत्त्व



प्रा.डा. राजुभाइ त्यात

आजको युग पूर्णरूपमा विज्ञान र प्रविधिको युगमा परिवर्तन भएको छ। यद्यपि, विश्वमा हरेक दिन नयाँ समस्याहरू देखा पर्दै छन्। प्रविधिको विकासमा तीव्र परिवर्तन, अप्रत्यासित वातावरणीय एवं जलवायु परिवर्तन, प्राकृतिक प्रकोपको स्वरूपमा परिवर्तन, औद्योगीकरण र सामाजिक मूल्य मान्यताको स्वरूपमा परिवर्तन, बजार व्यवस्थापन र मार्केटिङ शैलीमा परिवर्तन, युद्ध अभ्यास एवं शैलीमा परिर्वतन, रोग लाग्ने तरिका र भाइरसको नयाँ स्वरूपमा परिर्वतन, सामाजिक सञ्जाल र अपराध शैलीमा परिवर्तन, ऊर्जा उपयोग र सञ्चार क्षेत्रमा परिवर्तन आदि आइपर्ने समस्याहरूको समाधानको निम्ति इन्जिनियरिङ क्षेत्रमा नयाँ सोच, नयाँ मोडेल र नयाँ प्रयोगहरूको आवश्यकता अनिवार्य छ।

कुनै पनि क्षेत्रको जटिल समस्यालाई समाधान गर्न, भविष्यलाई अझ सुरक्षित, प्रभावकारी, दिगो एवं व्यवस्थित बनाउन इन्जिनियरिङ क्षेत्रमा अनुसन्धान अनिवार्य आवश्यकता हो। अनुसन्धानबिनाको इन्जिनियरिङ विधा किताबी ज्ञान र पुराना प्रयोगमा मात्र सीमित हुन्छ। अनुसन्धानसहितको इन्जिनियरिङ विधाले मात्र समाजलाई अझ बढी सबल र सरल बनाउने ऊर्जाको रूपमा रूपान्तरण गर्न सकिन्छ।

मूलतः इन्जिनियरिङ विधा प्राकृतिक विज्ञान र प्रविधिको संयोजन हो। प्राकृतिक विज्ञानले आधारभूत सिद्धान्त निर्माण गर्छ भने इन्जिनियरिङले त्यस सिद्धान्तलाई व्यवहारमा उतारी नयाँ प्रविधिको विकास गर्छ। तर व्यवहारमा उतार्नको लागि नयाँ सोच, नयाँ प्रविधि, जटिल प्राविधिक समाधान, उत्कृष्ट परीक्षण, अर्थमैत्री एवं सामाजिक स्वीकार्य बनाउनु पर्ने आजको आवश्यकता हो। जसको मूल स्रोत नै पहिला भइसकेका अनुसन्धानको पूर्ण अध्ययन, वर्तमानमा भइरहेको अनुसन्धानको सङ्कलन एवं भविष्यमा हुनसक्ने समस्याप्रति केन्द्रित रहेर गर्ने अनुसन्धान हो।

अनुसन्धानले इन्जिनियरिङमा नयाँ तथ्य, प्रविधि र सिद्धान्त एवं हाइपोथेशिसलाई परीक्षण गर्ने आधार तयार पार्छ। हालसम्म उपयोगमा आइरहेको प्रविधिमा रहेका सीमा, कमजोरी र सुधारको अवसरलाई पहिचान गर्छ। भविष्यमा आवश्यक हुने प्राविधिक समस्याको समाधानको बाटो खोल्ने क्षमताको विकास गर्छ। त्यसैले अनुसन्धानबिना इन्जिनियरिङ विधा अपूर्ण छ।

मूलतः शैक्षिक संस्थाहरू अनुसन्धानका केन्द्र विन्दु हुन्। त्यसैले विद्यार्थीहरूलाई अनुसन्धानको वातावरण बनाउन शैक्षिक संस्थाहरूले क्रमशः अत्याधुनिक प्रयोगशाला र उपकरणहरू उपलब्ध गराउनुपर्दछ। तसर्थ, राज्यले नै शैक्षिक संस्थालाई अनुसन्धानमुखी बनाउन पर्याप्त बजेटको व्यवस्था गर्नुपर्दछ। शैक्षिक संस्थामा आबद्ध प्राध्यापक एवं कर्मचारीहरूलाई दैनिक कार्यसँगै अनुसन्धानमा संलग्न गराई राख्नुपर्ने हुन्छ। विभिन्न सङ्घ संस्था, उद्योग एवं कार्यालयसमेतको समन्वयमा देशको निम्ति आवश्यक सबै क्षेत्रहरूमा अनुसन्धानलाई फराकिलो बनाउनु पर्छ। अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, कार्यशाला गोष्ठी एवं प्रकाशनमा सहभागिता बढाउनुपर्छ। तसर्थ, अनुसन्धानको महत्त्वलाई प्रकाश पार्दै उत्पादन हुने इन्जिनियरहरूको गुणस्तरीयतामा विश्वनियता बढाउनुपर्छ।

अनुसन्धानले विद्यार्थीमा समस्यालाई गहिरोसँग बुझ्ने, विश्लेषण गर्ने, विभिन्न विकल्पहरूमा तुलना गरी उपयुक्त समाधान निकाल्ने क्षमता अभिवृद्धि गर्छ। किताबमा लेखिएका सिद्धान्तहरूलाई प्रयोगशालामा राम्ररी परीक्षण गर्दा मात्र उत्पादित इन्जिनियरले गर्ने कार्य बढी प्रभावकारी हुन्छ।

अनुसन्धानले विद्यार्थीहरूलाई उपकरणसम्बन्धी राम्रो ज्ञान हुने, सफ्टवेयर र हार्डवेयरको सम्बन्ध राम्ररी बन्ने र फिल्ड भिजितजस्ता अनुभवहरू बटुल्ने वातावरण निर्माण गर्छ। जसले पछि गएर आफ्नो पेसागत दक्षतामा गुणात्मक परिवर्तन आउँछ। अनुसन्धानमा संलग्न विद्यार्थीहरूको ज्ञान निकै गहिरो, तथ्यपरक, विश्लेषणात्मक क्षमतामा वृद्धि र पेसागत आत्मविश्वासमा दृढ हुन्छ। त्यसैले उनीहरूलाई उच्च अध्ययन, अन्तर्राष्ट्रिय सम्मेलन, अनुसन्धान संस्था, उद्योग तथा प्राविधिक क्षेत्रमा कार्य गर्न निकै सजिलो हुन्छ। देशको निम्ति व्यवहारिक, असल एवम् नैतिकवान इन्जिनियर बन्न तथ्य र तथ्याङ्कमा आधारित भएर अनुसन्धान गर्ने र गराउन सक्ने व्यक्तिहरूले मात्र सम्भव छ किनकि व्यवहार र नैतिकता छ कि छैन भन्ने कुरा विश्वासमा भन्दा अनुसन्धानमा निहित हुन्छ।

कुनै पनि क्षेत्रमा प्रयोग हुने जटिल यन्त्र, उपकरण, उत्पादन प्रक्रिया, लागतमा कमी, गुणस्तरमा वृद्धि आदि पक्षको निर्धारण गर्ने क्षमता अनुसन्धानमा नै निहित हुन्छ। विश्वमा भइरहेको परिवर्तनअनुसार प्रविधिलाई अद्यावधिक नगरी विकास सम्भव हुँदैन। जसको निम्ति पानी, ऊर्जा, वातावरण, यातायात, सहरी योजना, कृषि, सडक, पुल, सञ्चार, डाटा सुरक्षा आदि क्षेत्रमा अनुसन्धान अनिवार्य छ।

इन्जियिनरिङ अनुसन्धानका सबै शाखाहरूको मूल आधार नै प्राकृतिक विज्ञान हो। भौतिक शास्त्र, रसायन शास्त्र, जीव शास्त्र, वातावरण विज्ञान, तथ्याङ्क शास्त्र र गणित नै अग्रगामी प्राविधिक अनुसन्धानको मूल स्रोत हो।

इन्जिनियरिङ विधामा अनुसन्धानका मुख्य क्षेत्रहरू यसप्रकार छन्। भौतिकशास्त्र र रसायनशास्त्रमा आधारित मेटेरियल इन्जिनियरिङ अनुसन्धान क्षेत्रमा नानी भेटेरियल्स, कम्पोजिट मेटेरियल्स, सेमिकन्डटर मेटेरियल्स, स्मार्ट भेटेरियल्स, बामोडियेडेबल निर्माण सामग्रीजस्ता विषयहरू पर्दछन्। बलियो, हलुका, सुरक्षित र दिगो सामग्री निर्माण गर्न सङ्कुचन, तनाव, ताप चालकता, विद्युतीय गुण, ब्यान्ड ग्याप, अणु संरचना, रासायनिक प्रतिक्रिया, मिश्रधातुजस्ता गुणहरूको सुक्ष्म अनुसन्धान आवश्यक छ।

भौतिकशास्त्र र वातावरण विज्ञानमा आधारित ऊर्जा इन्जिनियरिङ अनुसन्धान क्षेत्रमा नवीकरणीय ऊर्जा प्रणालीहरू, सौर्य फोभोल्टाइक प्रविधि, हावा तथा जलविद्युत् अनुकूल, हाइड्रोजन इन्धन तथा व्याट्री प्रविधि, स्मार्ट ग्रिड डिजाइन पर्दछन्। स्वच्छ दिगो र दक्षतायुक्त ऊर्जा प्रणाली विकास गर्न प्रकाश विद्युत् प्रभाव, तरङ्ग-गति, व्याट्री र इन्धन कोशिकाको रासायनिक प्रतिक्रिया, वातावरणीय प्रभाव र ऊर्जा दिगोपनाको विश्लेषणजस्ता कार्यमा अनुसन्धान गर्नुपर्ने हुन्छ।

भौतिकशास्त्र र भू-विज्ञानमा आधारित सिभिल तथा संरचनात्मक इन्जिनियरिङ अनुसन्धान क्षेत्रमा भूकम्प इन्जिनियरिङ, माटोको यान्त्रिकी, दिगो निर्माण, व्यवस्थित सहरहरूको निर्माण, जलस्रोत तथा विपद् न्यूनीकरण पर्दछन्। सुरक्षित, टिकाउ र वातावरण मैत्री संरचना निर्माण गर्न भूकम्पीय तरङ्ग, भू-गर्भीय संरचना, माटोको विशेषता, बल, तनाव, कम्पन विश्लेषण, कङ्क्रीट, पोलिमर र अन्य निर्माण सामग्रीको गुणमा अनसन्धान केन्द्रित गर्नुपर्छ।

भौतिकशास्त्र र गणितमा आधारित यान्त्रिक तथा रोबोटिक्स इन्जिनियरिङ अनुसन्धान क्षेत्रमा रोबोटिक्स र स्वचालन, उन्नत उत्पादन प्रविधि, ताप-गतिको विज्ञान, तरल प्रणाली, मेसिन डिजाइन र अनुकुलन मेकाट्रोनिक्स पर्दछन्। स्वचालित प्रणाली, रोबोटिक उपकरण, उच्च प्रभावकारी मसिनहरू र उद्योग सञ्चालन गर्न मेकानिकल संरचनाको गति, ऊर्जा, तरल प्रवाह, सामग्री र कम्पन नियन्त्रण, वायु गति नियन्त्रण, सेन्सरहरूमा प्रयोग हुने विद्युत् चुम्बकत्व तथा रोबोट जोइन्ट र मेकानिज्ममा हुने घर्षणजस्ता विषयमा अनुसन्धान गर्नुपर्ने हुन्छ।

भौतिकशास्त्र र मेटेरियल विज्ञानमा आधारित इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स इन्जिनियरिङ अनुसन्धान क्षेत्रमा सूक्ष्म इलेक्ट्रोनिक्स, अर्धचालक उपकरणहरू, प्लाज्मा इन्जिनियरिङ, सञ्चार प्रणालीहरू, विद्युत् शक्ति, विद्युत् चुम्बकीय प्रयोगहरू पर्दछन्। द्रुत, सानो, ऊर्जाशील इलेक्ट्रोनिकल उपकरण र आधुनिक सञ्चार विद्युतीय प्रणाली, चुम्बकीय क्षेत्र, क्वान्टम सिद्धान्त, सिलिकन, जर्मेनियम, ग्यालियम नाइट्राइडजस्ता सेमिकन्डक्टरको गुणबारे अनुसन्धान गर्नुपर्छ।

गणित र संज्ञानात्मक विज्ञानमा आधारित कम्प्युटर र कृत्रिम बौद्धिकता इन्जिनियरिङ अनुसन्धान क्षेत्रमा कृत्रिम बौद्धिकता, मेसिन लर्निङ, बिग डाटा, साइबर सुरक्षा, क्वान्टम कम्प्युटिङ र एम्ब्लेडेड प्रणालीहरू पर्दछन्। बिग डाटा विश्लेषण, सुरक्षा प्रणाली र कम्प्युटेसनको नयाँ युग निर्माण गर्न एल्गोरिद्यम्, सम्भाव्यता, लिनियर अलजेब्रा, क्वान्टम कम्प्युटिङ, हार्डवेयर संरचनामा अनुसन्धान अगाडि बढाउनुपर्छ।

जीवविज्ञान र रसायनशास्त्रमा आधारित जैविक-प्रविधि र जैविक चिकित्सा इन्जिनियरिङ अनुसन्धान क्षेत्रमा तन्तु इन्जिनियरिङ, मेडिकल इमेजिङ, जैविक सामग्री, औषधिजन्य प्रणाली, आणुवंशिक इन्जिनियरिङ उपकरणहरू पर्दछन्। उन्नत मेडिकल उपकरण, उपचार विधि र जैविक-इन्जिनियरिङको विकास गर्न कोशिका संरचना, शरीर-क्रिया विज्ञान, औषधि संयोजन, जैविक प्रक्रियाजस्ता क्षेत्रको अनुसन्धान गर्नुपर्छ।

वातावरण विज्ञान र रसायनशास्त्रमा आधारित वातावरण इन्जिनियरिङ अनुसन्धान क्षेत्रमा प्रदूषण नियन्त्रण, फोहोरबाट ऊर्जा उत्पादन, जलवायु मोडेलिङ, पानी शुद्धीकरण, दिगो सहरी प्रणालीहरू पर्दछन्। स्वस्थ वातावरण, हरित प्रविधिको दिगो विकास गर्न वातावरणीय चक्र, जल गुणस्तर, प्रदूषण सूचक, पानी शुद्धीकरण, वायु शुद्धीकरणका रासायनिक प्रक्रियाजस्ता विषयको अनुसन्धान गर्नुपर्छ।

सुन्दर, सुरक्षित र दिगो भवन डिजाइन, हरित भवन व्यवस्थित सहरको निर्माण, भूकम्प प्रतिरोधी संरचना, दिगो निर्माण सामग्री, भूप्राविधिक अध्ययन, जलस्रोत व्यवस्थापन, उच्च दक्षताका मेसिन, रोबोटिक्स, मेकाट्रोनिक्स, थर्मल सिस्टम, प्लाज्मा बेराफी, स्वचालन, स्मार्ट ग्रिड, नवीकरणीय ऊर्जा, सेन्सर, माइक्रोइलेक्ट्रोनिक्स, पावर सिस्टम, फिटिम बुद्धिमत्ता, साइबर सुरक्षा, वित डाटा, क्लाउड कम्प्युटिङ, क्वान्टम कम्प्युटिङ क्षेत्रमा अनुसन्धानकै कारण विश्वले नयाँ प्रगतिहरू हासिल गर्दै आएको छ।

आधुनिक विश्व उद्योग-व्यवसाय अनुसन्धानमा निकै अगाडि छ। स्टार्टअप व्यवसायहरू गुगल, फेसबुक, टेस्लाजस्ता कम्पनीहरू सबै अनुसन्धानबाटै जन्मिएका हुन्। नेपालजस्तो विकासोन्मुख देशमा पनि ऊर्जा, कृषि, शिक्षा, स्वास्थ्य उपकरण, यातायात, सफ्टवेयर तथा आइटी समाधानजस्ता क्षेत्रमा अनुसन्धान आधारित स्टार्ट अपहरू बढ्दै गएका छन्। यदि इन्जिनियरिङका विद्यार्थीहरूले अनुसन्धान संस्कृतिलाई आत्मसात गरे भने उनीहरूले नयाँ रोजगार सिर्जना गर्ने, नयाँ प्रविधिको विकास गर्ने र देशको अर्थतन्त्रमा प्रत्यक्ष योगदान दिन सक्नेछन्।

आगामी वर्षहरूमा विश्व निम्न प्रविधिहरूमा तीव्र रूपमा अघि बढ्ने अपेक्षा छ। कृत्रिम बुद्धिमत्ता र रोबोटिक्स, नवीकरणीय ऊर्जा र स्मार्ट ग्रिड, बायो इन्जिनियरिङ, अन्तरिक्ष प्रविधि, स्वचालित सवारी, क्वान्टम कम्प्युटिङ, न्यानो प्रविधि यी सबै क्षेत्रको अनुसन्धानबिना असम्भव छ। भविष्यका इन्जिनियरहरूलाई यी क्षेत्रमा प्रतिस्पर्धी बनाउन अनुसन्धानमै केन्द्रित शिक्षा अनिवार्य छ।

इन्जिनियरिङ क्षेत्रमा अनुसन्धान केवल शैक्षिक आवश्यकता होइन। यो राष्ट्रको प्रगतिसँग प्रत्यक्ष रूपमा सम्बन्धित शक्ति हो। अनुसन्धानले विद्यार्थीको क्षमता विस्तार गर्छ। उद्योगलाई मजबुत बनाउँछ। समाजलाई दिगो मार्गमा अघि बढाउँछ। विश्वव्यापी परिवर्तनमा योगदान पुर्‍याउँछ। इन्जिनियरिङ विद्यार्थी, शिक्षक, कलेज, उद्योग र सरकार सबैले अनुसन्धानलाई प्राथमिकता दिए मात्र देशले प्राविधिक रूपमा स्वावलम्बी बन्न सक्छ। आजको विश्वमा प्रतिस्पर्धा तीव्र छ। यस्तो अवस्थामा अनुसन्धानमा आधारित इन्जिनियरिङ शिक्षा र प्रविधि विकासले मात्र सुरक्षित, दिगो र उन्नत भविष्य निर्माण गर्न सक्छ।

*स्रोत : इन्जिनियरिङ कलेज बुलेटिन, वर्ष १४, अङ्क १०, मङ्सिर २०८२*

# स्वदेशमै दुःख गर्नसके बिदेसिनु पर्दैन

मधु शाही

सुनसरी, रामदुनी झुम्का-१ सकुन्तला अधिकारीका दुई छोराछोरी पाँच कक्षामा पढ्दै थिए। श्रीमान्को कमाइ थिएन। हुर्किँदै गरेका सन्तानको भविष्य बनाउने सपनासहित उहाँ बाध्य भएर विदेसिनुपर्ने अवस्था आयो। मेनपावरमार्फत कुवेत पुग्नुभएकी अधिकारीसँग गृहिणीका रूपमा घरायसी काम र खाना पकाउनेबाहेक अन्य अनुभव थिएन।

के कामका लागि विदेश जाँदैछु भन्नेसमेत थाहा नपाई उहाँ विदेसिनुभयो। बदलामा दुई वर्षसम्म निकै सास्ती खेप्नुपर्‍यो, ऋणधन गरेर गएकी अधिकारीलाई रित्तो हात घर फर्किने सुविधा थिएन। पछि जसोतसो साथीभाइको सहायतामा उहाँले अरबीको घरमा घरेलु कामदारका रूपमा काम पाउनुभयो।

"त्यहाँ राम्रो घरमा काम पाउनु भनेको निकै भाग्यको कुरा हो, त्यस्तै भाग्मानी रहेछु म। मैले काम पाएको घरका मान्छे निकै मनकारी रहेछन्", अधिकारीले स्मरण गर्नुभयो,"काम भने धेरै गर्नुपर्थ्यो। २४सै घण्टा काममा खट्नुपर्ने अवस्थासमेत आउने।"

अचेल अधिकारीलाई त्यति समय नेपालमै श्रम बगाएको भए पनि धेरै आर्थिक लाभ हुने रहेछ भन्ने लागिरहेको छ। "वैदेशिक रोजगारीमा जानु हामीजस्ता महिलाका लागि रहरभन्दा पनि बाध्यता नै हो। विदेश गएर दुई चार पैसा ल्याई बस्ने बास र छोराछोरी पढाउने आशमा विदेशिनुपर्ने अवस्थाका कति छन् कति", उहाँ भन्नुहुन्छ।

त्यही बाध्यता अधिकारीलाई पनि थियो, त्यसैले त साढे दश वर्षसम्म छोराछोरी पढाउनकै लागि चाहेर पनि उहाँले स्वदेश फर्किन पाउनुभएन। "घर आउने चाहना कसलाई हुँदैन र ? छोराछोरी काखमा च्याप्ने रहर त थियो नि मलाई पनि", उहाँ भन्नुहुन्छ, "तर, के गर्नु आउँदा जाँदा खर्च लाग्छ भनेर मन बाँधेर बस्थैँ। त्यसो गर्दागर्दै साढे दश वर्ष कुवेतमा श्रम बगाएँ।"

४० वर्षीया अधिकारी जब स्वदेश फर्किन, आफ्नै देशमा पनि शान्तले बस्न पाउनुभएन। परिवार, समाज र आफन्तले हेर्ने दृष्टिकोण सकारात्मक भएन। उहाँले आर्थिक अभावभन्दा पनि यस्तै दृष्टिकोणका कारण समस्या भोग्नुभयो। "छोराछोरी छोडेर विदेसिएकी महिलालाई राम्रो नजरले हेर्दा रहेनछन्, मैले धेरै नराम्रो सुन्नुपर्यो", अधिकारीले पीडा सुनाउनुभयो, "समाज, परिवार र आफन्तको त्यही असहयोगी वातावरणले मानसिक समस्या भोग्नुपर्‍यो। डिप्रेसनको औषधि खानुपर्यो। आत्महत्या गर्ने सुर चल्यो।"

लाञ्छनाले भरिएको गह्रुङ्गो र विक्षिप्त मन बोकेर बाँचिरहेकी अधिकारीलाई केही समय निकै गाह्रो भयो। पछि सहकर्मी र केही सकारात्मक सोच भएका मानिसहरूमार्फत वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुनःएकीकरण (रेमी) परियोजनासँग जोडिनुभयो। "त्यहाँ गएपछि पहिलो चरणमा आत्मबल बढाउने खालको सहयोग पाएँ, पछि आर्थिक मनोबल बढाउने सामग्री उपलब्ध गराइयो", अधिकारीले भन्नुभयो,"डिपफ्रिज र केही व्यवसाय गर्ने सामग्री उपलब्ध भयो। त्यसैको सहयोगमा चटपटे, पानीपुरीको व्यापार र किराना पसल सञ्चालन गरिरहेकी छु।"

त्यसपछि उहाँको दैनिकी फेरिएको छ। समाजका लाञ्छना पन्छाउँदै त्यही व्यापारबाट राम्रो आम्दानीसँगै स्वदेशमै सम्मानपूर्वक जीवनयापन गर्ने आधार बनिरहेको अधिकारीले बताउनुभयो। सुनसरीबाट अन्तर्राष्ट्रिय आप्रवासन दिवस मनाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, काठमाडौँ आउनुभएकी उहाँले आफ्नो प्रगति सुनाउँदै भन्नुभयो,"वैदेशिक रोजगारमा गएर मात्रै समस्या सुल्झिन्न रहेछ। हामीले स्वदेशमै लाज नमानी काम गर्ने हो भने अर्काको देशमा दुःख गर्नु पर्दैन। परिवारसँगै बसेर सम्मानित जीवन बाँच्न सकिने रहेछ।"

उहाँजस्तै, वैदेशिक रोजगारबाट फर्केर स्वदेशमै उद्यमी बनेकी जनकपुरका नन्दु यादवको सङ्घर्ष पनि रोचक छ। कतारमा १८ वर्षसम्म श्रम गरेर फर्किएका उहाँले हाल माछा तथा पशुपालन व्यवसाय गरिरहनुभएको छ। ५६ वर्षीय यादवले आफ्नो अनुभव सुनाउँदै भन्नुभयो,"विदेश जानु नराम्रो होइन, सीप सिकेर जाँदा राम्रै हुन्छ। जाँदा सीप सिकेर गइएन भने धेरै दुःख पाइन्छ। होस् गर्नुपर्छ।"

२० वर्षको कलिलो उमेरमा घरको आर्थिक अवस्था सुधार्न रु. ७० हजार ऋण लिएर कतार पुग्नुभएका उहाँले त्यहाँ सोचेजस्तो कमाइ नभएको बताउनुभयो। "ऋणको ब्याज तिर्दै विदेशको पैसा सकियो। केही रकम परिवारको आवश्यकता पूर्तिकै काममा सकियो", यादव भन्नुहुन्छ,"समस्या त घर फर्किएपछि भयो। लगानी गर्न पैसा छैन, के गर्ने, कसो गर्ने भयो। पछि रेमी परियोजनाको सहयोगमा माछा तथा पशुपालन व्यवसाय सुरु गर्दा धेरै राहत भएको छ।"

यादवका अनुसार हाल उहाँको फार्ममा अन्य दुई जना युवाले पनि रोजगार पाएका छन्। यसले धेरैपछि कर्म गर्नेलाई स्वदेशमै पनि आम्दानीका विभिन्न अवसर रहेको भन्ने महसुस भएको यादवले सुनाउनुभयो। उहाँ भन्नुहुन्छ, "अर्काको देशमा नोकर बन्नुभन्दा आफ्नो देशमा साहु बनेरै कमाउन सकिँदो रहेछ ! आफ्नै देशमा पैसा पनि सम्मान पनि मिल्ने। त्यसैले वैदेशिक रोजगारमा जाने सोच बनाएकाले यस विषयमा सोच्नुपर्छ भन्ने लाग्छ।"

अधिकारी र यादव मात्रै होइन, एकपटक विदेश गएर फर्किएपछि मात्रै देशमा अवसर देख्ने गरेका छन्। यद्यपि, धेरैलाई स्वास्थ्य, समय र विविध कारणले अवसर पहिचान गर्ने अवस्था रहँदैन।

मन्त्रालयले प्रकाशन गरेको नेपाल आप्रवासन श्रमिक प्रतिवेदन २०२४ को तथ्याङ्कअनुसार वैदेशिक रोजगारमा जानेको सङ्ख्या बढ्दो क्रममा छ। तथ्याङ्कअनुसार सन् २०२२/२३ र २०२३/२४ मा नौ लाख ५४ हजार ३१९ जनाले श्रम स्वीकृति लिएको अवस्था छ, जसमा एक लाख १३ हजार ५६ महिला श्रमिक छन्।

यस्तै, सन् २०२३/२४ मा वैदेशिक रोजगारमा जानेमा सीपयुक्त जनशक्ति वृद्धि भई ६९ दशमलव पाँच प्रतिशत पुगेको छ, तर पूर्ण दक्ष जनशक्तिको वृद्धि भने शून्य दशमलव चार प्रतिशत मात्रै छ। **(रासस)**

# श्रेष्ठको 'हजारौँ विजय' पुस्तक विमोचन

काठमाडौँ, ५ पुस । नेपाल–रुस साहित्य समाज तथा काठमाडौँस्थित रसियन हाउसको संयुक्त आयोजनामा इन्जिनियर तथा लेखक रामविन्दु श्रेष्ठको नयाँ पुस्तक 'हजारौँ विजय' शुक्रबार एक समारोहबीच सार्वजनिक भएको छ । फासीवादमाथि सोभियत सङ्घको विजयको ८० औँ वार्षिकोत्सवमा समर्पित पुस्तक मूलतः दोस्रो विश्वयुद्धको इतिहास विवेचना हो ।

पुस्तक लेखनको पृष्ठभूमिबारे चर्चा गर्दै लेखक श्रेष्ठले पछिल्लोपल्ट युरोपमा दोस्रो विश्वयुद्धमा सोभियत जनताले गरेको त्याग र बलिदानलाई मेट्ने, सालिकहरू ढाल्ने, इतिहासको पुनर्लेखन गर्ने लगायत कार्य भइरहेको परिप्रेक्ष्यमा नयाँ पुस्तालाई सोभियत जनताको त्याग र साहसको इतिहासबारे बुझाउन पुस्तक लेखेको चर्चा बताउनुभयो । रुसमा बस्दा भन्दा यहाँ आइसकेपछि मात्र आफूले 'महान् देशभक्तिपूर्ण युद्ध' को महत्त्व बुझेको उहाँले स्मरण गर्नुभयो ।

लोकार्पण कार्यक्रममा पूर्वमन्त्री नीलाम्बर आचार्यले यो पुस्तकमा रुस र रुसी जनताप्रति नेपाली जनताको माया र दृष्टिकोण भएको बताउनुभयो । उहाँले विमोचित पुस्तकले दोस्रो विश्वयुद्धमा सोभियत सङ्घको सबैभन्दा ठुलो योगदान, सोभियत जनताको बलिदान, फासीवादविरोधी सङ्घर्षको महत्त्व र युरोपको मुक्तिमा रुसको योगदानलाई उजागर गरेको औँल्याउनुभयो ।

पहिलो विश्वयुद्धको २१ वर्षपछि दोस्रो विश्वयुद्ध भएको स्थितिमा सोभियत रुसको प्रगतिले गर्दा नै तेस्रो विश्वयुद्ध नभएको उहाँले स्मरण गर्नुभयो ।

पुस्तकबारे बोल्दै रुसका लागि पूर्वराजदूत तथा साहित्यकार प्रा.डा. जंगब चौहानले रुस र नेपालबिच भएको पछिल्लो साहित्यिक आदानप्रदानबारे प्रकाश पार्नुभयो । उहाँले इतिहासको पुनः लेखन भइरहेको, विश्वयुद्धका सालिकहरूसँगै पुश्किनलगायत साहित्यकारको पनि मानमर्दन भइरहेको बताउनुभयो ।

'हजारौँ विजय' मा लेखकले आफ्नो निजी दृष्टिबाट दोस्रो विश्वयुद्धको घटनाक्रमलाई केलाउनुभएको चर्चा गर्दै लेखक मल्ल के. सुन्दरले सोभियत सङ्घको 'महान् देशभक्तिपूर्ण युद्ध' रुसको मात्र नभई सारा संसारको चासोको विषय भएकोमा जोड दिनुभयो ।

रुसका लागि नेपालका पूर्व राजदूत मिलनराज तुलाधरले खासगरी लेनिनग्राडको लडाइँमा सोभियत जनताको त्याग र समर्पणको चर्चा गर्नुभयो । उहाँले विश्वयुद्धबारे एक मार्मिक कवितांश 'कसैलाई बिर्सिने छैन, केही बिर्सिएको छैन' खोज्न आफूलाई दुई वर्ष लागेको बताउनुभयो ।

विशेष अतिथिको मन्तव्य राख्दै रसियन हाउस काठमाडौँकी निर्देशक अनास्तासिया खोख्लोभाले 'हजारौँ विजय' जस्ता पुस्तकले युद्धको भयबिच शान्तिको प्रसार गर्ने बताउनुभयो । राष्ट्रसङ्घले नवनाजीवादलाई मलजल गरिरहेकोमा उहाँले चिन्ता प्रकट गर्नुभयो र नेपाली जनताले रुसको न्यायपूर्ण सङ्घर्षमा साथ दिएकोमा धन्यवाद दिनुभयो ।

कार्यक्रममा सभाध्यक्षको मन्तव्य राख्दै इन्जिनियर आमोदमणी दीक्षितले पुस्तकको भावनात्मक पक्षको चर्चा गर्दै लेखकको सक्रिय सिर्जनशील जीवनको कामना गर्नुभयो ।

लोकार्पण कार्यक्रममा प्रा.डा. खेमबन्धु कोइरालाले पुस्तकको सङ्क्षिप्त समीक्षा गर्नुभएको थियो भने कवयित्री शकुन्तला जोशीले सहभागीलाई स्वागत गर्नुभएको थियो ।




# गुणस्तरीय स्वास्थ्य प्रयोगशालाका लागि मानव पुँजी विकास गर्दै कामपा

काठमाडौँ, ५ पुस । काठमाडौँ महानगरपालिकाले गुणस्तरीय स्वास्थ्य सेवाका लागि पूर्वाधार र मानव पुँजीको विकास कार्य अघि बढाएको छ । कामपाले ३२ वटै वडा स्तरको स्वास्थ्य सेवालाई अस्पतालसरह प्रदान गर्नेगरी काम गरिरहेको कामपा स्वास्थ्य विभागका प्रमुख दीपककुमार केसी जानकारी दिनुभयो ।

उक्त कार्यका लागि कामपाले ३२ वटा वडामा दुई चरणमा तालिम सञ्चालनसमेत गरिसकेको छ । पहिलो चरणमा वडा नम्बर १ देखि १६ सम्म र दोस्रो चरणमा १७ देखि ३२ सम्मका प्राविधिकलाई प्रशिक्षण दिइसकेको केसीले जानकारी दिनुभयो ।

जनस्वास्थ्य गुणस्तरका राष्ट्रिय अन्तरराष्ट्रिय नीति, प्रक्रिया र अभ्यास, विरामीलाई नमूना सङ्कलनका लागि तयार पार्ने विधि, सम्भावित त्रुटि र जोखिम, गुणस्तर नियन्त्रणका प्रक्रिया, क्षयरोगको नमूना सङ्कलन र परीक्षण, प्रयोगशालाको स्वच्छता र सरसफाइ, हानिकारक फोहर व्यवस्थापनका साधन, उपकरण तथा विधि, जनशक्तिबीचको आपसी सम्बन्धलगायत विषयमा सैद्धान्तिक र व्यवहारिक ज्ञान तथा अभ्यास समेत गराइएको छ ।

कामपाले ३२ वडामा स्वास्थ्य प्रवर्द्धन केन्द्रमार्फत स्वास्थ्य सेवा प्रदान गरिरहेको छ । हरेक वडामा स्वास्थ्य प्रयोगशाला स्थापना गरिएका छन् । यी प्रयोगशालाहरूमा मधुमेहसहित रगतबाट गरिने जाँच, मिर्गौलासहित पिसाबका जाँचिने रोग, खकारबाट जाँचिने क्षयरोगसहित आधारभूत स्वास्थ्य परीक्षण गरिन्छ ।

'ए', 'बी', 'सी', 'डी' र 'ई' समूहका जनस्वास्थ्य प्रयोगशालामध्ये 'डी' र 'ई' समूहका प्रयोगशालाको सञ्चालन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरिएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको गुणस्तर नियन्त्रण तथा तालिम शाखाका उपप्रमुख मेडिकल टेक्नोलोजिष्ट सन्तोष सुवेदी भन्नुहुन्छ, "काठमाडौँ महानगरपालिकाका प्रयोगशालाहरूको गुणस्तर कायम गराउन तथा जनशक्तिको क्षमता बढाएर कानुनले प्रदान गरेको अधिकार प्रयोग गर्न सक्ने बनाउन तत्पर छौँ ।" 'स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्डसम्बन्धी निर्देशिका २०७३' अनुसार सरकारी स्तरका हेल्थपोष्टमा आधारित प्रयोगशाला 'ई' समूहका र सरकारी स्तरका प्राथमिक स्वास्थ्य केन्द्रमा आधारित प्रयोगशाला 'डी' समूहका प्रयोगशालामा पर्छन् ।

कामपाका स्वास्थ्य प्रयोगशाला इञ्चार्ज, ल्याब टेक्निसियन राधिका कुइँकेलका अनुसार आन्तरिक नियन्त्रण प्रणाली र बाह्य प्रयोगशालाहरूसँगको सहकार्यमा प्रयोगशालाका नतिजालाई स्तरीय बनाउने प्रयास भइरहेको छ ।

प्रयोगशाला विज्ञान र प्रविधिमा आधारित हुन्छ । यी क्षेत्रहरूमा सबैभन्दा छिटो परिवर्तन आइरहेको हुनाले प्रयोगशालाका प्राविधिकहरूले आफूलाई हरेक दिन तालिममा सहभागी भएको महसुस गरेर आचरण गर्नुपर्ने, सेवा सञ्चालन मापदण्ड बनाएर त्यसका आधारमा काम गर्नुपर्ने छ ।


## हार्दिक समवेदना



जन्म
२०००/०७/१८

निधन
२०८२/०९/०४

**रामकेशरी श्रेष्ठ**

खवप कलेजका प्राचार्य तथा खवप मा.वि./शारदा क्याम्पस मा.वि.का पूर्वप्राचार्य प्रकाशकुमार श्रेष्ठकी पूजनीय आमा **रामकेशरी श्रेष्ठ**को दुःखद निधन भएकोमा दुःख व्यक्त गर्दै दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण तथा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**खवप कलेज**
तथा
**खवप मा.वि./शारदा क्याम्पस मा.वि. परिवार**


# देशभर १० हजार नौ सय ६७ मतदान स्थल कायम

काठमाडौँ, ५ पुस । आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभर कूल १० हजार ९६७ मतदानस्थल रहने भएको छ । निर्वाचन आयोगले सहज रूपमा मतदान गर्ने व्यवस्थाका लागि १६८ वटा मतदान स्थल थप गरेको छ ।

साबिकमा दस हजार ८९२ मतदान स्थल रहेका थिए । यस्तै, प्रयोगमा नरहेका र समायोजित भएका ९३ वटा मतदानस्थल भने खारेज गरिएको छ । आम मतदातालाई सहजरूपमा मतदान गर्ने व्यवस्थाका लागि मतदानस्थल तय गरिएको आयोगले जनाएको छ । मतदातालाई अपायक परेका, प्रयोगका नरहेका मतदान केन्द्र खारेज गरी पायक पर्ने स्थानमा थप गरिएको हो ।

मतदानस्थल पुनरावलोकन गर्ने क्रममा मतदान स्थलको नाम, ठेगानामा रहेको त्रुटी सच्याउने, मतदातालाई पायक पर्ने स्थानमा आंशिक वा सबै मतदातालाई स्थानान्तरण गरिनेछ । यसैगरी, मतदातालाई साबिककै अर्को मतदानस्थलमा समायोजनसमेत गरिएको छ । आयोगले यसअघि नै सार्वजनिक सूचनामार्फत मतदानस्थल पुनरावलोकनका लागि सूचनामार्फत जानकारी गराएको थियो ।

पुनरावलोकनको क्रममा कुनै मतदाताको नाम सम्बन्धित मतदानस्थलमा सार्न वा समावेश हुन छुट भएको भए दाबी विरोध गर्न आग्रह गरेको थियो । एउटै वडाभित्र रहेको कुनै एक मतदानस्थलबाट आफूलाई पायक पर्ने अर्को मतदानस्थलमा नाम सार्नका लागि निवेदन दिन सक्ने व्यवस्था गरिएको आयोगले उल्लेख गरेको थियो ।

यस्तै, प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी भएसँगै आसन्न निर्वाचनको लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ समावेशी समूहको प्रतिशत निर्धारण पनि सहज भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ११४ को उपधारा(१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा शुक्रबार प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी गर्नुभएको हो ।

नेपाल सरकारले २०७८ को जनगणनाको प्रतिवेदनबमोजिमको दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिमको जनसङ्ख्या प्रतिशतको आधारमा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसूची १ लाई संशोधन गर्न सिफारिस गरेको थियो ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसूची–१ मा राष्ट्रिय जनगणना २०६८ अनुसार समावेशी समूहको प्रतिशत उल्लेख छ । प्रतिनिधिसभा सदस्यअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फ राष्ट्रिय जनगणना २०७८ को जनसङ्ख्याका आधारमा समावेशी आधार प्रतिशतको आधारमा दलले उम्मेदवारको बन्दसूची पेस गर्नुपर्नेछ । उक्त प्रणालीका लागि आवेदन दिएका राजनीतिक दलले यही पुस १३ र १४ गते बिहान १०:०० देखि अपराह्न ४:०० बजेसम्म उम्मेदवारको बन्दसूची पेस गर्ने समयसीमा तोकिएको छ ।


## आवश्यकता

यस कस्तुरी बचत तथा ऋण सहकारी संस्था लि.को तपसिलबमोजियका लागि कर्मचारी आवश्यकता भएको हुँदा इच्छुकले २०८२ पुस ११ गतेभित्र संस्थामा आई निवेदन दिनुहुन अनुरोध छ ।

| पद | सङ्ख्या | शैक्षिक योग्यता | तलब स्केल |
|---|---|---|---|
| बजार प्रतिनिधि | १ (एक) | साधारण लेखपढ गर्ने जान्ने | संस्थाको नियमानुसार |

**निवेदन दिने अन्तिम मिति** : २०८२/०९/११ गते
**निवेदन दिने स्थान** : संस्थाको कार्यालय, आदर्श भनपा (सिद्धि स्मृति बाल अस्पताल नजिकै)

**कस्तुरी बचत तथा ऋण सहकारी संस्था लि.**
भनपा–७, आदर्श, फोन नं. ०१–६६१४६३३, मधु सुदन पण्डित : ९८६०४८७३८५



## हार्दिक समवेदना



जन्म: २००५।०४।२६
निधन: २०८२।०९।०३

भक्तपुर बचत तथा सहकारी संस्थाको संरक्षकत्वमा सञ्चालित आदर निकेतनमा आबद्ध **जगतशेर ज्याख्वा**को दुःखद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**आदर निकेतन परिवार**
भक्तपुर


प्रकाशक तथा कार्यकारी सम्पादकः उद्धव सुजखु★सम्पादकः विष्णुगोपाल कुसी ★ कार्यालयः कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्सः ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखाः ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रकः सिद्धिगणेश अफसेट प्रेस, चोर्चा